सन्देश जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक
सि.जि.प्र.द.नं. १७ जि.हु.द.नं. २८
❖ वर्षः- २१ ❖ अङ्कः- २५ ❖ २०८० माघ १७ गते बुधबार(30 Jan. 2024 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-




# समय अगाडिनैं काम सक्ने निर्माण व्यवसायी !



**सिन्धुली**/अमेरिकी लेखक एवम् साहित्यकार डेल हर्बिस कार्नेगीले आफ्नो चर्चित पुस्तक 'हाउ टु विन फ्रेन्ड्स एण्ड इन्फ्लुएन्स पिपल' मा लेखेका छन्ः मानिस त्यही मात्र सफल हुन्छ, जो समय बुझेर त्यसको सदुपयोग गर्छ। समयले तह लगाउँछ बेईमानीलाई र बदमासलाई पनि ठेगान लगाउँछ।

त्यसैगरी एउटा चिनियाँ उखानमा भनिएझैं सफल मानिसको पछाडि अर्को पनि सफल मानिस हुन्छ। काम गरेर सफलता पाउनेहरुलाई एउटा चिनियाँ उखानले गरेको यो टिप्पणीले बिरलै मानिसलाई इङ्गित गरिरहेको हुन्छ। समाजमा माननीय, मन्त्री र यस्ता ठूला मानिसहरु छन् जसले आम नागरिकमा स्याबासी पाउन अनेकौं हथकण्डाहरु अपनाउने गर्छन्। आफुले गर्दै नगरेको असल कामको जस सम्बन्धित सरोकारवाला भन्दै अगाबै आफ्ना चौकीदारहरु मार्फत सामाजिक सञ्जालमा लेख्न लगाउने गर्छन्।

गर्दै नगरेको कामको जस लिएर आफू समाजमा प्रतिष्ठित कहलाउने हरुको प्रशस्तैछन् तर आफुले गरेको उदाहरणीय कामगरेकाहरु भने चुपचाप बसेका भेटिन्छन्। बागमती प्रदेशसभा सदस्य छत्र बम्जनले सडक र पुल निर्माणको ठेक्का लिएर अलपत्र छोडेका आधा दर्जन योजनाहरु राष्ट्रिय महत्वका समाचार बनेभने पर्साका पूर्व सांसद पप्पु यादवको नाममा रहेको पप्पु कन्ट्रक्सन र पूर्व मन्त्री बिक्रम पाण्डेको कालिका कन्ट्रक्सन मात्रै होइन नेपाली कांग्रेस बागमती प्रदेशसभा सदस्य इन्द्र बानियाँ हुन् वा प्रधानमन्त्री पुष्पकमल दाहालका घरेटी भनेर चर्चामा आएका शैलुङ कन्ट्रक्सनका मालिक शारदा प्रसाद अधिकारीको फर्मले अलपत्र पारेको आयोजनाका समाचार निरन्तर प्राथमिकता पाउने गरेकाछन्।

तर सिन्धुली जिल्लामा यस्ता ठेकेदार भेटिएका छन्, जसले तोकिएको समयभन्दा ९ महिना अगाडिनैं आफुले जिम्मा लिएको काम सम्पन्न गरेर हस्तान्तरण गरे। उदाहरणीय काम गर्ने निर्माण व्यवसायी हुन् उद्धवप्रसाद दाहाल। उनको सफलताको कथा निकै रोचक देखिन्छ। उनले जतिपनि निर्माणको काम गरेका छन् ती सबै काम तोकिभन्दा अगाबै सम्पन्न भएका छन् तर उनले आफ्नो सफलतालाई कहिल्यै प्रचार गरेनन्। सघन शहरी तथा भवन निर्माण आयोजना मन्थली रामेछापबाट बोलपत्र आब्हान गरि कुल १ करोड ३० लाख लागतमा स्लेट-सिर्जना-रामबोले जेभीले २०७९-१२-११ मा गरेको ठेक्का सम्झौता तोकिएको समय भन्दा ९ महिना अगाबै सम्पन्नगरी गएको माघ १२ गते कमलामाई नगरपालिका वडा नं. ६ लाई हस्तान्तरण गरेका थिए।

संझौता बमोजिम निर्माण सम्पन्नगरी हस्ताक्षर गरिएको भवनमा बैठक हल सहित ७ वटा कोठा रहेका छन्। उक्त वडा कार्यालय भवन निर्माण सम्पन्न भएसँगै अब वडाको सेवा प्रवाह नयाँ भवनबाटै प्रारंभ गरिएका वडासचिव उज्वलकुमार थापाले बताए।

जनप्रतिनिधी तथा स्थानीय नागरिक हरुको पहलमा जग्गाको ब्यवस्थापन गरेपछि भवन निर्माणका लागी केन्द्रिय सरकारले गत आर्थिक वर्षमा बजेट बिनियोजन गरेको थियो। भवन हस्तान्तरण कार्यक्रममा न कुनै तामझाम थियो नत कुनै औपचारिक ●बाँकी २ पेजमा

## टपरी बनाउन सिकाईंदै



**सिन्धुली**/फिक्कल गाउँपालिकाका महिलाहरुलाई आत्मनिर्भर बनाउने उदेश्यले दुना टपरी बनाउने तालिम दिइएको छ। फिक्कल गाउँ पालिकाको आयोजनामा ५ दिने दुना टपरी बनाउने तालिम सुरु भएको हो। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सीप तथा व्यावसायिकता विकास सम्बन्धी दुना टपरी बनाउने तालिम सुरु भएको फिक्कल गाउँपालिका अध्यक्ष पार्वती सुनुवारले जानकारी दिइन्। महिलाहरूलाई व्यावसायिक दुना टपरी बनाउन तालिम मार्फत दक्ष बनाई सिपका माध्यमबाट महिलाहरूलाई स्वरोजगार बनाउन मेसिनद्धारा दुना टपरी बनाउने तालिम सुरु गरिएको उनको ●बाँकी २ पेजमा

## अधुरो अस्पताल उद्घाटनगर्न प्रधानमन्त्री आउँदै !

**सिन्धुली**/दुधौली नगरपालिका वडा नं ५ सिर्थौलीमा निर्माणाधिन अस्पताल भवनको काम पुरा नहुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्नुहुने भएको छ।



दुधौली नगरपालिकाका उपप्रमुख चन्द्र किशोर थारुका अनुसार प्रधानमन्त्री प्रचण्डले आउँदो माघ २० गते उद्घाटन गर्ने अस्पताल भवनको केही कामहरु भने अधुरो रहेको र अधुरो काम देखेपछि बाँकी काम पुरा गर्न रकम बिनियोजन गर्नु हुनेछ। अस्पताल भवनमा स्टिमेट अनुसार लिफ्ट,रेलिङ, छाना र अस्पताल भित्र आवश्यक पर्ने फर्निचर तथा उपकरणहरु केही पनि नभएको बताइन्छ।

'भवन बनेको छ, भित्री कामहरु अधुरा छन्, हामीले त्यही अधुरो कामहरु पुरा गराउने उद्देश्यले प्रधानमन्त्रीलाई प्रमुख अतिथि बनाएर ल्याउन पत्राचार गरेका छौं, संभवत उहाँ आउनु हुनेछ' उपप्रमुख थारुले सन्देश जनप्रिय साप्ताहिकसँग भने।

बाँकी कामहरु पनि पुरा गरिनु पर्ने थियो, त्यो निर्माणको ●बाँकी २ पेजमा

## नेविसंघ सिन्धुलीको अध्यक्षमा भरत



**सिन्धुली**/नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघ सिन्धुलीको अध्यक्षमा भरत बिक चयन भएकाछन्। निकै लामो रस्साकस्सीपछि विद्यार्थी नेता विकलाई नेपाल विद्यार्थी संघ केन्द्रीय समितिले सिन्धुली को अध्यक्षमा चयन गरेको हो। सिन्धुलीको विद्यार्थी ●बाँकी २ पेजमा

## झटारो ═ राजेश मानन्धर




## बद्नाम शहिद कि सरकार !

गुलेली
□ प्रेम दाहाल

हिजो माघ १६ अर्थात सहिद दिवस। नेपाल सरकार प्रत्येक वर्ष माघ १६ लाई 'सहिद दिवस'का रूपमा धुमधामसँग स्मरण गर्ने गरिन्थ्यो तर यस पटक भने सरकारले औपचारिक कुनै कार्यक्रम गरेन र बिदा पनि दिएन।

शहीदको देश चिनाउन उद्यत सरकारको उक्त दिवस मनाउने पृष्ठभूमि र कारण होइन, सहिदको अर्थ, मर्म र अभ्यासमाथि अहिले सबैतिर चर्चा र परिचर्चा गर्न थालिएको छ। देश र जनताका लागि आफ्नो ज्यान उत्कर्ष गर्ने ती सबै ज्ञात अज्ञात सहिदप्रति हामी भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं।

नेपालमा सहादतको इतिहास हेर्ने हो भने प्रमाणिक रूपमा लखन थापालाई पहिलो सहिद मानिन्छ। पल्टने लखन थापालाई जंगबहादुर विरुद्धमा प्रचारवाजी गरेको आरोपमा बिसं १९३३ सालमा गोरखाको मनकामना मन्दिर अगाडि रूखमा झुन्डाएर मारिएको थियो। बिक्रम सम्बत २००७ देखि २०६२/०६३ सम्मका नेपालको प्रजातान्त्रिक आन्दोलनलाई हेर्दा जानेर नजानेर धेरैले सहादत प्राप्त गरे। १९९७ साल माघ १० गते राति १२ बजे काठमाडौंको पचलीमा एउटा बकाइनोको रुखमा शहीद शुक्रराज शास्त्रीलाई झुण्डयाएर मारिएको थियो, शहीदको रूपमा शहीद धर्मभक्त माथेमाको हत्या ●बाँकी २ पेजमा



**बदनाम.....**
गरियो, त्यस्तै १९९७ साल माघ १४ गते शहीद दशरथ चन्दलाई काठमाडौंको शोभाभगवतीमा नर शमशेर राणाले गोली हानी हत्या गरे,१९९७ साल माघ १४ गते कै राति १० बजे शोभाभगवतीमै लगेर नर शमशेर राणाले शहीद गंगालाल श्रेष्ठलाई एउटा खम्बामा बाधेर निर्मम तरिकाले गोली हानी हत्या गरेका थिए । नेपालमा केही राजनैतिक परिवर्तनमा लागेर घाइते तथा पीडित भएका व्यक्तिहरूलाई जिउँदा शहीद भनेर घोषणा गरिने प्रचलन रहेको छ । नेपालमा सबभन्दा पहिला नेपाल प्रजापरिषद नामक राजनीतिक पार्टी खोली प्रजातान्त्रिक आन्दोलनको सूत्रपात गर्ने महान् देशभक्त र उच्च राजनीतिक चिन्तक टङ्कप्रसाद आचार्यलाई भने ब्राह्मण भएकाले मार्न हुँदैन भनी चारपाटा मुडेर सुँगुरको पाठो झुण्डयाई आजीवन कारावासको सजायँ दिएको हुनाले उनलाई नेपालको इतिहासमा जिउंदो शहीदको रूपमा लिइन्छ । विष्णुलाल महर्जन ऐतिहासिक जनआन्दोलन २ का जिउँदा शहीदहरू हुन ।

नेपालमा लोकतन्त्रपछि सहिद शब्दको अपमान भएको छ । खासगरी सशस्त्र द्वन्द्वमा मर्ने, मारिने सबै सहिद भएपछि सहिदको अवमूल्यन भएको हो । जो द्वन्द्वमा मरे ती तत्कालीन माओवादी विचार का लागि मरेकाहरूप्रति पनि माओ वादीले उचित सम्मान गरेन । देश र जनताका लागि आफ्नो प्राणको आहुति दिने हामीले पढेका, मान्दै आएका वास्तविक सहिदहरू भनेका ४ जना नै हुन् - धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द र गंगालाललाई जहानीया राणाहरूले कोहीलाई गोली ठोकेर, कोहीलाई झुण्डयाएर मारेका हुनाले २००७ सालपछि हामीले माघ १६ लाई सहिद दिवस मान्दछौं । देशले अझै गति लिन सकेको छैन । त्यसैले सहिद दिवसका दिनमा हामी भन्छौं कि जनताको लागि भनेर काम गर्ने प्रण गर । सहिद बन्ने अठोटका साथ आन्दोलन गर । नत्र एमाले, काँग्रेसको अस्तित्व नै धरापमा पार्ने कार्यमा एमाओवादी जाँदैछ । सहिद को रु सबैजस्तो स्रष्टा वा लेखकहरूले कुनै महान कामका लागि जीवन उत्सर्ग गर्ने व्यक्ति नै सहिद हुन्छ भन्ने मान्यता दिँदै आएको पाइन्छ जसलाई नेपाली शब्दकोशहरूले थोरै फराकिलो पनि पारिदिएका छन् । तिनीहरू भन्छन आफ्नो देश संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताको प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति नै सहिद हुन्छ । यताबाट सहिदको शाब्दिक अर्थ पहिलोमा देश, दोस्रोमा संस्कृति, तेस्रोमा अस्तित्व, चौथोमा स्वतन्त्रता, पाँचौमा बलिदान र अन्तमा लो कहितका लागि बलिदान हुने व्यक्ति भन्ने हुन आउँछ । साथै, सहिद शब्दको अर्थ गर्ने स्रष्टाहरू के भन्छन् भने यसको सुरू शब्दमै 'आफ्नो' भन्ने पदावलीबाट कसैको लागि होइन वा कसैको कर, बल, छल अथवा अरोट(परोट होइन आफ्नै ज्ञान, विवेकका आधारमा आफ्नो देशको निम्ति, आफ्नो संस्कृतिको निम्ति, आफ्नो स्वतन्त्रताको निम्ति, सङ्घर्षमा उत्रने र सङ्घर्षको क्रममा ज्यान गुमाउने वा आफ्नो हक अधिकारको निम्ति निर्भीकि भई बलिदान हुने व्यक्ति सहिद हुन्छ । यस्तो आशय व्यक्त गर्ने स्रष्टाहरू यतिमै मात्र पनि चित्त बुझाउँदैनन् र भन्छन् लोकहित भनेर मात्र पनि पुग्दैन किनभने आखिर लोकहितमा लाग्ने त्यस्तो अमर व्यक्ति को हो त रु अतः सहिद शब्दको सत्यापनका सन्दर्भमा प्रथमतः 'लोकहित' लगायतका शब्दकोशद्वारा यस सन्दर्भमा प्रस्तुत सबै पदावलीहरूको समेत अर्थ गर्नुपर्ने हुन्छ । जसअनुसार लोकहित शब्दको अर्थ हुन आउँछ सार्वजनिक हित, जनकल्याण र लोकको भलाई भन्ने उल्लेख भएको हुँदा जसले सार्वजनिक हितलाई नै आफ्नो हित ठान्ने गर्छ, जसले जनकल्याणलाई नै आफ्नो कल्याण ठान्ने गर्छ र जसले लोकको भलाईलाई नै आफ्नो भलाई ठानी तिनको हितका लागि संघर्षमा उत्रन्छ र जसले त्यसरी हितमा उत्रनेविरूद्ध नानाथरी प्रपञ्च रची मार्नेसम्मको तारतम्य मिलाउने क्रममा त्यस्तो व्यक्तिको ज्यानसमेत लिन्छ भने त्यसरी ज्यान गुमाउने व्यक्ति नै प्रकार ान्तरले सहिदको रूपमा समाजमा सम्मानित हनपुग्छ । यही स्थिति त्यस्तो बलिदानी व्यक्तिका लागि आश्रय र कुनै पनि तरिकाले संरक्षणसमेतका लागि साथ दिने व्यक्तिले पनि ज्यानै गुमाउने स्थिति बन्छ भने त्यसरी अमरत्व प्राप्त गर्ने व्यक्तिपनि 'सहिद' नै मानिनुपर्न हुन्छ । अर्का, सहिदको सन्दर्भमा केही लेखकहरूले वर्ग, समुदाय वा राष्ट्रको हित र मुक्तिको निम्ति निश्चित उद्देश्य बोकी अग्रसर हुने क्रममा बलिदान भएको व्यक्ति नै सहिद हुनसक्छ भन्ने धारणालाई पनि भ्रान्त मान्दै वस्तुतः आन्दोलनका क्रममा मारिने जो कोही पनि सहिद हुन्छ भन्ने धारणा नै गलत छ भन्ने निष्कर्षमा उभिएका देखिन्छन् ।

यसक्रममा तिनीहरू कस्तो दृष्टान्त राख्छन् भने हाम्रो देशमा त पार्टी काममा हिँडेको व्यक्ति कुनै अर्कै कारणबाट मृत्युवरण गरेको हकमा सम्म 'सहिद' मान्ने परम्परा देखियो । यसरी नै आफ्नै सुरले बरण्डामा बसेको वा बजार घुम्ने क्रममा आन्दोलनकारीलाई लक्षित गरी चलाइएको गोली लागी निधनभएको व्यक्तिलाई 'सहिद' को पगरी गुथाइयो । जुन क्रम हिजो आज गाडी दुर्घटना वा अरू कुनै पनि कारणले मरेको हकमा समेत प्रयुक्त हुने स्थानमा आइसकेको अवस्था छ । अतः राज्यले शिघ्रातिशिघ्र सहिदसम्बन्धी मान्यता को राज्यस्तरीय परिभाषा राजपत्र मार्फत ऐनकै रूपमा जारी गरी उक्त मापदण्डभित्र पर्ने उच्च योगदान भएका महान व्यक्तिहरूलाई मात्र सहिदको श्रेणीमा राखी तिनको मान सम्मान पनि सोही अनुसारको विशिष्ट विशिष्ट ढङ्गबाट गरिने परिपाटी बनाउनु मनासिव हुनेछ । कदाचित त देश र जनताका लागि कुनै न कुनै ढंगले उल्लेख्य यो गदान गर्दै अमरत्व प्राप्त गर्ने केही महान व्यक्तिहरू सहिदको पंक्तिबाट छुट्ने अवस्था आउने स्थिति बने त्यस्ता महान् व्यक्तिहरूलाई मधेस आन्दोलनका सहिद, निश्चित जाति, भाषी र संस्कृतिसम्बन्धी सहिद, धार्मिक सहिद, जनयुद्धका सहिद, निश्चित पार्टी र विचारका सहिद र महिला आन्दोलनका सहिद आदि नामबाट पनि राज्यले त्यस्ता महान् व्यक्तिहरूको सम्मानोचित व्यवहार गर्नसक्छ । जसको न्यानो बाट तिनका स्वजन, परिवारजन र अन्य शुभचिन्तकसमेतले गौरव र अन्यप्रकारको सहानुभूति पनि पाउन सक्छन् । राज्यले राजकीय तहबाट चाहिँ केवल तिनै महान हस्तीहरूलाई मात्र सहिदको राजकीय सम्मान र दर्जा दिनु उचित हुनेछ जो प्रजातन्त्र, देशभक्ति, राष्ट्रियता र विश्वमानवताको र क्षामा लागिपर्दा राज्यले पक्राउ वा प्रत्यक्ष गोली प्रहारद्वारा मर्ने वा घाइते हालतमा पक्राउ परेकोमा आफ्नो गल्तीका लागि क्षमायाचना समेतको अवसर दिँदा पनि आफूले लिएको मूल्य मान्यताविपरीत आत्मरक्षाका लागि झुक्नुभन्दा बरू मृत्युवरण गर्न राजी हुने व्यक्ति नै वस्तुतः सहिदको सम्मान पाउनयोग्य मानिनु उपयुक्त हुनेछ । अरू स्वतन्त्रता सेनानी, प्रजातन्त्र सेनानी र जनयुद्धका योद्धाजस्ता सहिद सरहको सम्मानबाट सम्बोधित हुनलायक भएतापनि वस्तुतः तिनीहरू त आन्दोलन, आदर्श र पार्टी समूहका मात्र सहिद हुन राष्ट्रका सहिद होइनन् । त्यसैले सहिद गंगालाल र शुक्रराज शास्त्रीजस्ता व्यवस्था र समाज परिवर्तनका लागि मृत्यु हाँक दिने साझा ध्येयमा समर्पित व्यक्तिहरुनैं वास्तविक शहिद हुन् भन्ने तथ्यलाई सरकारले भुल्नु हुन्न । त्यसैले राज्यले पनि संख्या बढाउने होइन, वास्तविक शहिदको मर्मलाई आत्मसात गर्न सक्नुपर्छ, त्यसो गरिएमात्र शहिदप्रति साँचो अर्थमा सम्मान हुनेछ ।

**अधुरो .....**
स्टिमेटमैं थियो तर रकम अभावमा हुन नसकेको थारुको भनाई थियो । प्रधानमन्त्रीले उद्घाटन गरेपछि बाँकी कामहरु पुरा गराउन रकम प्राप्त हुन्छ भन्ने हामीलाई लागेको छ, त्यही भएर पनि अधुरो भवन उद्घाटन गराउन हामी लागिरहेका हौं, उनले अगाडि भने । दुधौली नगरपालिका वडा नं ५ का वडाध्यक्ष यदुप्रसाद काफ्लेले पनि अस्पताल भवन पुरा नभएपनि प्रधानमन्त्री प्रचण्डले उद्घाटन गरे पछि थप रकम प्राप्त हुने र त्यसले पुर्णता पाउने बताए । केही केही कामहरु बाँकी छन्, रकम अभावमा ती कामहरु पुरा भएका छैनन्, प्रधानमन्त्रीनैं उद्घाटनमा आएपछि उहाँको अबस्था थाहाहुन्छ, त्यसपछि त उहाँले थप रकम बिनियोजन गरिदिनुहुन्छ, वडाध्यक्ष काफ्लेले भने ।

न्यू ड्रागन कन्ट्रक्सन कम्पनीले निर्माण गरेको भनिएको अस्पताल भवन १८ करोड रुपैयाँको लगानीमा बनिरहेको हो ।

**समय.....**
कार्यक्रम । वडाध्यक्ष पुर्णबहादुर खड्का र कार्यालयका कर्मचारी लाई रोहवरमा राखेर निर्माण व्यवसायी दाहालले संझौता बमोजिम निर्माण सम्पन्न भएको भवनको चावी हस्तान्तरण गरेका थिए ।

कार्यालयको चाबी लिदै वडा अध्यक्ष खड्काले तोकिएभन्दा ९ महिना अगाबै भवन सम्पन्न गरेर उदारहणीय काम गरेको भन्दै निर्माण व्यवसायी दाहालको प्रशंसा गरेका थिए । समयवद्धसँगको संक्षिप्त कुराकानीमा खड्काले भनेः 'देशैभर निर्माण व्यवसायीले लिएका ठेक्काहरु अलपत्र छाडेका समाचार आएका बेला सिन्धुलीका व्यवसायीले तोकिएभन्दा ९ महिना अगाडिनैं भवन हस्तान्तरण गरेर उदाहरणीय काम गरेकाछन्, म उहाँलाई सम्मान गर्छु ।'
सन्देश जनप्रियसँगको कुराकानीमा दाहाल भन्छन्ः काम गर्ने क्रममा कुनै बाधा व्यवधान भएन भने तोकिएको समय भन्दा अगाडिनैं काम सम्पन्न गर्न सकिन्छ । किनकी हामीले जिम्मा लिएका ठेक्काहरुको सबै काम तोकिएभन्दा अगाडिनैं गर्दै आएका छौं ।

सिन्धुली निर्माण व्यवसायी संघका अध्यक्ष तुलसी श्रेष्ठ आफ्नो सहकर्मी दाहालले जिम्मा लिएका सबै कामहरु समय अगाडिनैं सम्पन्न भएकोमा खुशी व्यक्त गर्छन् । उनी भन्छन्ः काम गर्छु भनेर ठेक्का लिने र तोकिएको समय सिमामा काम सम्पन्न नगर्नेहरु बढिरहेका बेला दाहालले संझौता गरेभन्दा धैरै अगाडि काम पुरा गर्न सकिन्छ भन्ने गतिलो सन्देश दिएका छन् । सबै निर्माण व्यवसायीले उहाँबाट पाठ सिक्नु पर्छ र आफुहरुमाथि लाग्ने गरेको आरोपबाट छुटकारा पाउनु पर्छ । सत्ता र शक्तिको आडमा ठेक्का हात पारेर अरबौं रकम हातपार्दै निर्माणको काम अलपत्र छोड्ने हरुको अग्र पक्तिंमा आउनेहरु सत्ता राजनीतिकै छत्रछायाँमा जोडिएकहरुनैं हुन्, उनीहरुकै कारण सिंगो निर्माण व्यवसायीहरु आलोचित बन्नु परेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह भन्छन् ।

**टपरी.....**
भनाई छ । अध्यक्ष सुनुवारले प्लाष्टिकमुक्त मात्र हैन दुना टपरी बाट महिलाहरूलाई आत्मनिर्भर बनाउन तथा रोजगारी सिर्जना गर्न र वातावरण प्रदूषण कम गर्न दुना टपरी बनाउने तालिमको आयोजना गरिएको बताइन् ।

"सालका दुना टपरी प्रयोगले हाम्रो स्वास्थ्य, वरपरको वातावरण स्वच्छ हुन्छ भने महिला दिदी बहिनीको उद्यमप्रति आकर्षण बढ्छ ।"उनले भनिन् । तालिममा १२ जना महिलाहरूले तालिममा सहभागिता जनाएका छन् । जिल्लाका नौ वटा स्थानीय तहहरू मध्ये फिक्कल गाउँपालिका विद्यालय स्तरमा उद्यमशीलता विकास तालिम सुरु गर्ने पहिलो पालिका बनेको छ ।

गाउँपालिकाको उद्यम विकास सहजकर्ता मार्फत १३ वटा माध्यमिक विद्यालयमा कक्षा ८ देखी १२ सम्म अध्ययनरत विद्यार्थीहरूलाई उद्यमशिलता विकास तालिम दिन सुरु गरिएको हो । जसमा व्यवसाय, आम्दानी, आय मूलका काम, स्वरोजगार, बजार र बजारीकरण, विक्रय कला आदी सम्बन्धी ज्ञान प्रदान गर्रिंदै आएको छ ।

**नेविसंघ.....**
राजनीतिमा लामो समय रहेर काम गरेका विक विद्यार्थीहरुका बीच इमान्दार नेताका रुपमा चिन्ने गरिएको छ । नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले विकलाई सिन्धुली अध्यक्षमा मनोनयन गरेको पत्र हातमा थमाएका थिए ।


## सार्वजनिक हितको लागि जारी सुचना


- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

भिमफेदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर, बागमती प्रदेश


## दुधौलीको एक वडामा राती हिंड्न रोक !

**सिन्धुली**/दुधौली नगरपालिका २ मा रातीको समयमा सार्वजनिक स्थलहरुमा जथाभावी हिँडडुल तथा जमघट नगर्न आग्रह गरिएको छ । नागरिकको शान्ति सुरक्षा लाई ध्यानमा राख्दै राती ९ बजे पछि सार्बजनिक स्थलहरुमा एक्लै वा सामूहिक रुपमा बिना काम हिँडडुल गर्न रोक लगाइएको वडा नम्बर २ का अध्यक्ष रितेश र ाउतले जानकारी दिनुभयो ।

रातको समयमा वडाको चोक, चौतारा, सडक, बस्ती, नदि किनारामा होहल्ला गरि अनावश्यक रुपमा मानिसहरु हिँडडुल गर्ने, होहल्ला गर्नुका साथै वडामा चोरी, डकैती, लागुपदार्थ दुर्ब्यसनी लगायत अपराधीक क्रियाकलाप बढेपछि रातको समयमा हिडडुल गर्न रोक लगाइएको राउतले बताउनुभयो ।



अपराधिक क्रियाकलापलाई न्युनिकरण गर्न सुरक्षा निकाय लगायत सरोकारवालाहरुको सर्वदलिय बैठकले उक्त निर्णय गरेको राउतले बताउनुभयो । साथै, सार्वजनिक स्थानमा रातको समयमा होहल्ला वा बिना कुनै कामले हिँडेको देखेमा प्रहरीलाई खबर गर्न राउतले स्थानियसँग आग्रह गर्नुभयो ।

२ नम्बर वडा कार्यालयले वडामा रहेका सम्पूर्ण टोल सुधार संस्थालाई चिठि लेख्दै वडा कार्यालयको निर्णय कार्यन्वयनमा सघाउन अनुरोध गरेको छ ।

# समाजवादीको बैठकमा झलनाथको प्रश्नै प्रश्न
# जवजनैं मान्ने एमालेसँग किन नमिल्ने ?

नेकपा एकीकृत समाजवादीका नेताहरुको उमेर हद नराख्ने निर्णय गर्न बसेको बैठकमा बरिष्ठ नेता झलनाथ खनालले
अध्यक्ष माधव नेपाललाई प्रश्नै प्रश्न गरे । उनले एउटै जनतको बहुदलीय जनवाद मान्ने एमालेसँग किन नमिल्ने ? पार्टी निर्माणदेखी अहिलेसम्म आइपुग्दा पहिलाको एमाले भन्दा किन फरक हुन नसकेको ? बोली र व्यवहारमा निक एकरुपता आउन सकेन जस्ता प्रश्न राख्दा नेता नेपालले कुनै जवाफ दिएनन् । आलटाले कुरा गरेर बैठकमा आफ्नो एजेण्डा निर्णय गराए ।



समाजवादीमा यसअघि ७० वर्षे उमेर हद राख्ने विषयमा छलफल भएको थियो । उमेर हद राख्दा माधवकुमार नेपाल र झलनाथ खनालनैं पार्टीको जिम्मेवारीबाट बाहिरिनुपर्ने अबस्था आएपछि उमेर हदको प्रस्ताव अगाडि बढेन अर्थात त्यो प्रस्ताव हालका लागि मुल्तबीमा राखियो । पार्टीको दोस्रो केन्द्रिय परिषद् बैठकका निर्णय सुनाउँदै पार्टी उपाध्यक्ष डा.वेदुराम भुसालले पार्टीमा उमेरहद नरहने निर्णय भएको जानकारी दिए । यो सँगै एकीकृत समाजवादीको नेतृत्वका लागि फेरि माधव नेपाल र झलनाथ खनाल नैं मुख्य प्रतिस्पर्धीको रुपमा देखा परेका छन् ।
माधव र झलनाथले एमालेको नेतृत्व गरिसकेका छन् । दुबै नेताले नेकपा एमाले फुटाएर एकीकृत समाजवादी बनाएका हुन् । नयाँ पार्टीमा पनि दुवै नेता सुरुदेखिनैं अन्तरसंघर्षमा छन् । एउटाले राखेको कुरा अर्काले स्वीकार्दैनन् अर्थात खनाल एमालेसँग र नेपाल माओवादीसँग पार्टी एकता गर्ने पक्षमा देखिन्छन् । दुई नेताको दुई किनाराले गर्दा न एमाले न माओवादी कुनैसँग पनि समाज वादीको एकता हुने अबस्था छैन तर माओवादीले बनाएको समाजवादी मोर्चामा भने माधव नेपाल गएर बसेका छन् ।
२०३२ सालमा अखिल नेपाल कोर्डिनेसन केन्द्र बनाउँदादेखि माधव नेपाल र झलनाथ खनाल साथसाथै छन् । सीपी मैनालीलाई नेतृत्वबाट हटाउन माधव नेपालले ०३७ सालमै खनाललाई अगाडि बढाएका थिए । तर पछि पार्टी नेतृत्वमा मदन भण्डारी आए । २०५० सालमा मदन भण्डारीको मृत्युपछि माधव नेपालले नेतृत्व हत्याएका थिए ।
२०६४ को चुनावपछि माधव नेपालले राजीनामा दिए । त्यसपछि खनाल नेतृत्वमा आए । त्यसबेला माधवले खनाललाई नभएर केपी ओलीलाई साथ दिएका थिए । ओली सक्तिमा आएपछि फेरि दुई नेता नजिक भए । एमाले फुटाएर एकीकृत समाजवादी बनाउँदा झलनाथले माधवलाई अघि सारे तर पछिल्लो समय नेपालको गतिविधी कम्युनिष्ट पार्टीलाई एक बनाउने भन्दा विदेशी प्रभुहरुलाई रिझाएर एकल ढंगले पार्टी सञ्चालन गर्न थालेपछि नेता खनाल आक्रोसित बन्दै गएको देखिदैछ ।
अब फेरि एकीकृत समाजवादीको नेतृत्वको लागि झलनाथ र माधव नेपाल नै एक आपसमा भिड्दैछन् । यसकै लागि पार्टीमा उमेरहद नराख्ने निर्णय भएको अर्थका रुपमा बुझ्न थालिएको छ । दुई नेता बीचको यो शक्ति संघर्षले समाजवादीलाई दुई किनारा लगाउने त होइन ? अहिले यही प्रश्नबाट उनीहरुलाई हेर्न थालिएको छ ।
उच्च शिक्षा अध्ययनका लागि ३० को दशकमा काठमाडौं आएका बेलादेखि उनीहरुले साथै राजनीति गरे । राजनीतिमा ५० वर्ष बिताए । तर, एकसाथ रहेतापनि उनीहरु सँधै आपसमा प्रतिस्पर्धीका रुपमा देखिन्छन् ।
फेरि पनि उनीहरु नेतृत्वका लागि आपसमा भिड्ने मनस्थितिमा रहेका कारण नेकपा एसमा उमेर हद लागू हुन सकेन ।
नेताहरुका अनुसार यसअघि ७० वर्षे उमेरहद राख्ने विषयमा छलफल भएको थियो । तर, उमेर हद राख्दा माधव र झलनाथ नै पार्टीको जिम्मेवारीबाट बाहिरिनुपर्ने भएपछि यो विषय अघि बढ्न सकेन ।

## सिन्धुलीमा गणित प्रदर्शनी



**सिन्धुली**/जिल्लामै पहिलो पटक गौमती माविले सिन्धुलीमा गणित प्रदर्शनी गरेको छ । बिद्यार्थीहरुको गणितप्रति रुची बढाउने र प्रोत्साहन गर्ने उद्देश्यले गौमती गणित क्लास र गौमती बाल उद्यमी क्लबको आयो जनामा प्रदर्शनीको आयोजना गरिएको हो ।
गणित प्रदर्शनी कार्यक्रममा गौमती माविका प्रधानाध्यापक दिपक बुढाथोकीको अध्यक्षता तथा शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीका शिक्षा अधिकृत दुर्गा भुजेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । बिभिन्न बिद्यालयका प्रधानाध्यापकहरु, गणित शिक्षकहरु र बिद्यार्थीहरुको उपस्थितीमा भएको प्रदर्शनीमा गरिएको थियो ।
शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीका शिक्षा अधिकृत भुजेलले गणित प्रदर्शनी अन्य विद्यार्थीहरुको लागि पनि उदाहरणीय काम भएको बताए । उनले बिद्यार्थीले गणितलाई डरको रुपमा हेर्ने गरेकोमा यस्ता किसीमका प्रदर्शनीले गणित बिषय डर नभइ यसलाई रचनात्मक बनाउन सकिने र सकारात्मक बिकास हुने दाबी गरेका थिए । गणित प्रदर्शनिले सिकाईमा विद्यार्थीहरुको सहजीकरणमा सहयोग पुग्ने उनको भनाई थियो ।
गौमती गणित क्लबको बार्षिक कार्यतालिका अनुसार गौमती मावीमा रहेका बिभिन्न हाउसहरुले गणित सम्बन्धी बनाएका सामाग्रीहरु प्रदर्शनीमा राखीएको थियो । यसलाई आगामी दिनमा पनि निरन्तरता दिइने प्रअ बुढाथोकीको भनाई थियो ।


## शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीको
## सार्वजनिक जनहितमा जारी सूचना !

- वालवालिकालाई भयरहित वातावरणमा पठनपाठन गराऔं ।
- विद्यालय र वालालिका शान्ति क्षेत्र भएकाले राजनैतिक गतिविधीमा प्रयोग नगरौ नगराऔं ।
- वालवालिकालाई शिक्षाको उज्यालो घामबाट बञ्चित नगरौ, नियमित विद्यालय आउने वातावरण सिर्जना गरौं ।
- वालमैत्री पठन पाठन र शिक्षण सिकाईलाई व्यवहारमा प्रयोग गरौं ।


## सामाजिक सञ्जाल

हाम्रो समाजवादमा पुग्नका लागि आधार, रोजगारी सिर्जना गर्ने आधार, स्थानीय अर्थतन्त्रको सबलीकरण गर्ने आधार हाम्रो प्राकृतिक स्रोत हो । जल, जंगल र जमिनबाहेक हामीसँग के छ र ? चाहे पर्यटनको कुरा गरौं, सांस्कृतिक विविधताबाहेक बाँकी प्राकृतिक स्रोत नै हो । विकासको प्रक्रियामा प्राकृतिक स्रोतको नष्ट गरेर होइन, प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र उपयोगमार्फत नै हाम्रो स्थानीय सरकार सबलीकरण हुन्छ भन्ने सामान्य ज्ञान छोटेराजाहरुसँग देखिएन । उनीहरुको काम जसरी पनि पैसा असुलीमैं केन्द्रीत हुन थालेको महाले खाको पछिल्लो तथ्यांकले देखाएको छ ।

➢ **प्रकाश मगर, तीनपाटन**

साना र ग्रामीण उद्योग स्थापनाले स्थानीय सरकारमा सम्भावनाका कार्यहरुको आशा जगाउने गर्छ । हामीले प्राकृतिक स्रोतको संरक्षण मात्रै होइन, प्राकृतिक स्रोत नष्ट नहुने गरी उपयोग पनि गर्ने बाटो तय गर्नुपर्छ तर उनीहरु त्यसो गर्न उद्यत देखिएनन् । प्राकृतिक स्रोतलाई नै माध्यम बनाएर हरित अर्थतन्त्रमा आधारित भएर हामीले हाम्रो बाटो तय गर्नु जरुरी छ । पश्चिमाहरूले आफ्नो औद्योगिकीकरणको प्रक्रियामा प्राकृतिक स्रोतको नष्ट गरे । त्यसैले हामीलाई कहिले संरक्षणको मात्रै अर्ती दिन्छन्, कहिले विकासका अगाडि प्राकृतिक स्रोत केही होइन भन्छन् । यी दुवै मान्यताबाट हामी उम्किन जरुरी छ । हाम्रो परिस्थिति र सन्दर्भमा प्राकृतिक स्रोतको प्रयोग गर्दै जाने रणनीति अपनाउनुपर्छ । आर्थिक लाभका नाममा स्थानीय सरकार प्रमुख प्राकृतिक स्रोतको दोहन गर्ने होइन, प्राकृतिक स्रोतसँगै हिँड्ने विकास अवलम्बन गर्न जरुरी छ । जसले जनतामा बढेको निराशा घटाउने छ ।

➢ **कुमार दाहाल, सुनकोशी**

सिन्धुलीका स्थानीय सरकारहरुको अहिलेको विकासको बाटोले जनचाहना र पार्टीको घोषणापत्र एवम् मौलिक विविधतालाई सम्बोधन गर्दैन । विकासको विभेद हटाउने दिशामा पनि काम गर्दैन । वर्गीय असन्तुलन घटाउँदै रोजगारी सिर्जना गर्न पनि मद्दत गर्दैन । खाद्यान्नमा आत्मनिर्भर हुन पनि मद्दत गर्दैन । कहींकतै पनि यो विकास हाम्रा लागि लयमा छैन । अब हाम्रो विकासको बाटो भविष्यमा समाजवादमा पुग्ने हुन जरुरी छ । समाजवाद कुनै रहस्य वा चर्तिकला होइन, आजको हाम्रो विकासको गतिविधिले प्राप्त हुने राज्यव्यवस्था हो भन्ने सामान्य जानकारी पनि सिन्धुलीका पालिका प्रमुखहरुसँग देखिएन ।

➢ **सुमन तामाङ फिक्कल**

वास्तवमा हाम्रो विकासको मार्गचित्र सामान्य हिसावले पनि समाजवाद-उन्मुख हुन जरुरी थियो । त्यसले मात्रै हामीलाई समाजवादी दिशामा पुर्‍याउँछ र डोर्‍याउँछ पनि । समाजवादका आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक खम्बाहरू भनेर हामीले धेरै पहिला परिभाषित गरेका थियौं । हाम्रोजस्तो देशमा यी चार खम्बाबाहेक प्राकृतिक स्रोत पनि एउटा ठूलो खम्बा मात्र नभएर मूल आधारस्तम्भ हो । यसरी हेर्दा विकासको दृष्टिकोणमा पूरै फेरबदल चाहिएको छ तर हाम्रा स्थानीय सरकारको फेरबदल नितान्त व्यक्तिगत आर्थिक रुपान्तरणमा केन्द्रीत भइरहेको छ ।

➢ **प्रकाश बम्जन, सिन्धुली**

जब शासन प्रणालीका आधारस्तम्भ मानिने संस्था-संयन्त्रहरू (दल, संसद्, सरकार, सुरक्षा, प्रशासन, न्यायालय, नागरिक समाज, मिडिया आदि) स्खलित हुँदै जान्छन्, तब लोकतन्त्र कमजोर हुन्छ भन्ने उदाहरण हाम्रै अगाडि छ । त्यही कमजोरीको आडमा अनेक विकृति-विसंगतिले जरा गाडेकाछन् । राज्यव्यवस्था र स्थानीय पालिका प्रमुखहरु आर्थिक लाभमा केन्द्रीत हुँदा नेपालमा भ्रष्टाचार मौलाइरहेको छ । कुशासनका कारण भ्रष्टाचार बढेकामा समाज चिन्तित छ । राजनीति सत्मार्ग छोडेर सत्तामुखी भएकामा असन्तुष्टि छ । कतिपय सन्दर्भमा न्यायालयले समेत विवेक गुमाएकामा नागरिक खिन्न छन् । देशमा बस्न नमिल्ने परिवेश भएर मानिसहरू बाहिरिए भनेर दिग्दार बनिरहेका छन् । तर, नेपाल संगठित अपराधको क्रीडास्थल बन्दै गइरहेकोतर्फ त्यति चनाखो छैन । संगठित हिसाबले भएका तस्करीका ठूलठूला घटना सार्वजनिक हुँदा समाज तरंगित नहुने होइन, भएको छ, तथापि ती घटनालाई संगठित अपराधको 'लेन्स' बाट कमै हेर्ने गरिएको छ ।

➢ **सुमन प्याकुरेल, सिन्धुली**


खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# शहिदप्रतिको सम्मान

प्रत्येक वर्ष माघ १६ गते देश र जनताका लागि आफ्नो प्राणको आहुती दिएका वीर सहिदको सम्झनामा शहीद दिवस मनाउने गरिन्छ । हिजो पनि देशभर सहिदप्रति श्रद्धाञ्जली व्यक्त गरी शहिद प्रति सम्मान व्यक्तगर्दै शहिद दिवश बनाइयो । विक्रम सम्वत २००७ सालमा राणा शासनविरुद्ध ज्यानको बाजी लगाएका अमर सहिदहरु धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई संझने काम भयो ।

मुलुकको स्वतन्त्रता र रक्षाका लागि जीवन अर्पण गर्ने शहीद बास्तवमै महान हुन् यो विषय पूर्वबाट घाम झुल्कन्छ भनेजस्तै सत्य हो । यस बिषयमा कुनै नेता वा मन्त्री प्रधानमन्त्रीले प्रष्ट पारिरहनु जरूरी छैन । शहीदको महिमा नेताभन्दा जनताले राम्रोसंग बुझिसकेका छन् । यसको अर्थ दलका प्रमुख नेताहरुले शहीदका गाथा गाउनहुन्न भन्ने हैन । तिनका गाथा अजम्बरी स्वरमा गाउनुपर्छ तर, भाषणमा हैन व्यवहारमा । गाथा गाएर काम उल्टो गर्ने होइन, नेताहरुले शहीदका सपना पूरा गर्नेतिर सरकार लाग्यो भने मात्रै शहीदका गाथा गाउनुको अर्थ रहन्छ । अब पनि शहीदका तस्विरमा माला लगाएर वा तिनका गुणगानमा सीमित भएर व्यवहारमा नउतार्ने हो भने शहीद दिवस मनाउनुको औचित्य छैन । सही अर्थमा शहीद दिवस मनाउने हो भने ००७ सालदेखि जनआन्दोलन–२ सम्म जो नागरिकले जीवनको आहुति दिए, आखिर केका लागि आफ्नो जीवन उत्सर्ग गरे भनेर सोच्न ढिला भैसकेको छ ।

जनआन्दोलनको अगाडी मोर्चामा उभिएर जो मलुकका लागी शहीद भए तिनले पक्कै मुलुकको यो गन्जागोल अवस्थाको कल्पना गरेका थिएनन् । उनिहरुको चाहना थियो नेपाल एउटा समृद्ध र समुन्नत राष्ट्र होस् र अमनचयन कायम होस् । तर, मुलुकका शासकले शहीदका ती सपनालाई व्यवहारमा उतार्न सकेका छैनन् । सत्ता आरोहणसँगै शहीदको बलिदान भुल्ने उनीहरुको परम्परा नै भैसकेको छ । आन्दोलनमा लागेर जो मरेर गए ती त गईसके । यो विज्ञानले तिनको भौतिक संरचनालाई दुरुस्तै पार्न सक्दैन । तर, शहीद अमर हुनु भनेको उनीहरुको बिचार र भावनाको कदर हुनु हो भन्ने तथ्यलाई सबैले बुझ्नु जरूरी छ । तिनले देखाएको बाटोमा अघि बढ्नु शहीदलाई श्रद्धा गर्छु भन्नेहरुको कर्तव्य हो । अहिले बाँचेकाहरुले वास्तविक शहीद र ग्याङफाइटमा मारिएको व्यक्तिलाई एउटै तहमा राखेर हेर्दा पक्कै शहीदको आत्मा रोएको हुनुपर्छ । शहीदको सपना साकार पार्छौ भनेर नारा लगाउनुको सट्टामा अझै पनि उनीहरूले देखाएको सपना साकार पार्न सकियो भने शहीदको आत्माले शान्ती पाउने छ ।

# १०३ वर्षीय वृद्धले गरे तेस्रो बिहे



एजेन्सी/भारतमा १०३ वर्षका एक जना वृद्धले बिहे गरेको समाचार यतिबेला भाइरल बनेको छ । एक्लो पन भगाउन भन्दै भोपालका ती वयो वृद्धले ४९ वर्षकी महिलासँग तेस्रो बिहे गरेका हुन् । हबीब नजर उर्फ मँझले मियाँलाई आजतकले मध्य प्रदेशको सबैभन्दा पाको बेहुला भनेको छ । स्वतन्त्रता सेनानी हबीबले आफू एक्लो भएको भन्दै एक्लोपन भगाउन आफूभन्दा आधाभन्दा कम उमेरकी बेहुली भित्र्याए । सामाजिक सञ्जालमा यतिबेला यो बिहेबारे निकै चर्चा चलिरहेको छ । यो बिहे सन् २०२३ मा भएको हो । तर अहिले आएर भिडियो भाइरल भइरहेको छ । बेहुला र बेहुलीको उमेर र उमेर अन्तरका कारण पनि बिहेबारे चर्चा चुलिएको हो । बेहुली फिरोज जहाँको उमेर ४९ वर्ष रहेको छ । आइतबार बिहेको भिडियो सामाजिक सञ्जालमा शेयर गरिएको थियो । भिडियो शेयर हुने बित्तिकै भाइरल भयो । हबीब नजरको यो तेस्रो बिहे हो । भिडियोमा हबीब बिहे गरेर बेहुलीसँग घर फर्किरहेका छन् । मान्छेहरुले उनलाई बधाई दिइरहेका छन् । हबीब मुसुक्क मुस्कुराउँदै सबैलाई धन्यवाद भनिरहेका छन् । हबिबको पहिलो पत्नीको तर्फबाट सन्तान थिएनन् । त्यसपछि उनले अर्को बिहे गरे । तर दोस्रो पत्नीबाट पनि उनले सन्तान सुख पाएनन् । दोस्रो श्रीमतीको २ वर्षअघि मृत्यु भएपछि उनी एक्लो भएका थिए । सुरुमा फिरोजले वयो वृद्धसँग बिहे गर्नका लागि अस्वीकार गरेकी थिइन । श्रीमानको मृत्युपछि फिरोज एकल जीवन बिताउँदै थिइन् । आफू पनि एक्लो अनि हबीब पनि एक्लो भन्दै पछि बिहेको लागि स्वीकृति दिइन् ।

# आफन्तैसँग किन असन्तुष्ट बनिरहन्छन् प्रधानमन्त्री ?

कृष्ण गौतम



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले केही दिन अगाडि आफुमाथि चौतर्फी आक्रमण भइरहँदा पनि पार्टीका सहकर्मी समर्थकहरुबाट प्रतिरक्षा हुन नसकेको भन्दै चर्को निराशावादी भाषण गरे ।

आफ्ना सहकर्मी र पार्टी कार्यकर्ताप्रति आक्रोशित बनेका प्रचण्डले शहीदहरुको अपमान गर्दा त्यसको प्रतिवाद नभएको गुनासो गरे । १७ हजार प्लस दुई भनेर शहीदको अपमान हुँदा समेत आफ्ना कार्यकर्ताले प्रतिवाद गर्न नसकेको भन्दै आक्रोस पोखिरहँदा सन्नाटा छाएको थियो भने हलमा झिनो स्वरमा ताली बजेको थियो । सम्वोधनका क्रममा उनले थप तीन हजारलाई शहीद घोषणा गर्ने तयारी भएको पनि प्रचण्डले सुनाउन भ्याएका थिए । प्रधानमन्त्रीले भनेजस्तै सरकारले निर्णय गरे नेपालमा शहीदको संख्या ९ हजार बढी हुनेछ । गत वर्ष १५ फागुनमा प्रधानमन्त्रीले मन्त्रिपरिषदबाट ६ हजार ३४४ जनालाई शहीद घोषणा गरेका थिए । २०६५ साल पुस ९ मा प्रचण्डले नै शहीद घोषणा गरेपनि राजपत्रमा प्रकाशित हुन सकेको थिएन ।

तर प्रधानमन्त्री प्रचण्डले राजपत्रमा प्रकाशित गरेर ६ हजार बढी शहीद परिवारले पाउने सुविधा दिलाएका थिए । प्रचण्डले दिएको अभिव्यक्ति कार्यान्वयनमा आए देशमा १० हजार बढी शहीद हुनेछन् । यसअघि शहीद संख्या असाध्यै कम थियो ।

लामो समयसम्म १९९७ सालमा राणा शासन अन्त्य गर्ने आन्दोलनका चार शहीदलाई मात्रै मानिने गरिएको थियो । २०६२/०६३ सालपछि दोस्रो जनआन्दोलनका शहीदहरु थपिएका थिए । तर प्रधानमन्त्रीले पञ्चायतकै समयदेखि विभिन्न राजनीतिक आन्दोलनमा ज्यान गुमाउँदै आएकाहरुलाई शहीद घोषणा गरिरहेका छन् । जुन संख्या दश हजार नाघ्न लागेको छ, त्यसले नेपाल विश्वमै शहीद उत्पादन गर्ने देश त बन्दै छैन ? भन्ने गंभीर प्रश्न उठेको छ ।

यहाँ आफ्नो पत्नी, छोरा, छोरी, साली, साला भएसम्म मितको समेत राम्रो व्यवस्था गरिएको छ । जनताले त्यो महसुस गरिरहेका छन् । जति परिवर्तन भनिएपनि जनताको ईच्छा पूरा कसैले गर्न सकेको पाईदैन र जनता सन्तुष्ट पनि छैनन् । सरकार सञ्चालक, राज्यको ओहदामा पुग्नेले राष्ट्रको ढुकुटीबाट चाहे जति खर्च गरिरहेका छन् । सांसदको पिए देखि अन्य सुविधा सबै लिएको कुरा प्रष्ट छ । भ्रष्टाचारको सिमा नाघेको कुरा आई रहेको छ । तर त्यसलाई रोक्न सरकार असफल बनेको छ । राज्य संयन्त्रमा बस्ने कर्मचारी, नेता, मन्त्री, प्रतिनिधि समेतले राज्यकोष दोहन गरिरहेकाछन् । सुन काण्डका नाइकेहरु खै ? निर्मलाको हत्या गर्ने अपराधी खै ? दरबार हत्याकाण्डका दोषीलाई कारबाही गर्छु भनेर भाषण गर्ने प्रचण्डले एनसेल बिक्री प्रकरणमा के सहिदले देखाएको बाटो यहि हो त ? यहि हेर्नको लागि शहिद र सच्चा जनताले संघर्षमा भाग गरेको लेनदेनको जवाफल किन दिनसकेनन् ? शहीदका नाममा जनतालाई फेरी कत्लेआम गर्न उद्वेलित गराउने प्रचण्ड शैलीले कति हजार शहीद उत्पादन गर्ने हुन् त्यसको कुनै ठेगान छैन । नेताको सपना पुरा भएपनि सहिदले बगाएको रगत र सपनाहरु पुरा हुँदैनन् भन्ने तथ्यलाई आम नेपालीले बुझ्न थालेका छन् ।

तसर्थ शहीद परिवारका नाममा भएको प्रचण्डको अभिव्यक्ति र निर्णयलाई शहीदप्रतिको अपमानका रुपमा बुझ्न जरुरी छ ।

घर छाउने क्रममा र भीरबाट लडेर मरेका वा शान्ति सुरक्षा कायम गर्ने क्रममा प्रहरीको गोली लागेर ज्यान गुमाएका जति सबै लाई शहीद मान्दा राज्य व्यवस्था परिवर्तनका आन्दोलनका खास शहीदको सम्मान हुन नसकेको आवाज चौतर्फी रुपमा उठिरहेका बेला प्रधानमन्त्रीको पछिल्लो अभिव्यक्तिले फेरी बास्तविक शहीदहरुको भावनामाथि चोट पुगेको छ ।

प्रजातान्त्रिक प्रणाली कमजोर हुँदै जाँदा शहीदहरुको सम्मान बद्‌दैन । सरकार र त्यसको कार्यकारी प्रमुख भएकाले शहीदको सम्मान हुने बातावरण स्वयं प्रधानमन्त्री प्रचण्डले नै निर्माण गर्नुपर्छ अपमानका लागि होइन ।

# सेलाउँदै भ्रष्टाचारका फण्डाहरू

दिपा भण्डरी

सरकारले भ्रष्टाचार रोक्न पटक पटक संकल्प गरेको छ । आफ्नो एक वर्षे टेलिभिजन सम्बोधनमा पनि त्यही कुरा दोहोरियो तर व्यवहारमा त्यो कहिल्यै लागु गरिएन । त्यसैले सरकारका पछिल्ला काम कारबाही प्रति नागरिक स्तरमा प्रश्न उठ्न थालेको छ । निजी लाभका लागि आफूलाई प्राप्त अधिकारको दुरूपयोग गर्नु भ्रष्टाचार हो भन्छ अन्तर्राष्ट्रिय क्षेत्रमा भ्रष्टाचार विरोधी अभियानमा लागेको ट्रान्सपरेन्सी इन्टर नेसनल भन्ने संस्था । यो परिभाषाले आफूलाई हुने लाभ मात्रमा सीमित राख्दा अरूलाई खुसी पार्न वा अरूको गोटी भई गरिएको कामलाई नसमेट्ने हो कि भन्ने तर्क उठ्न सक्दछ । चारित्रिक रूपको गलत आचरणलाई पनि उक्त परिभाषाले भेट्दैन । नेपालको प्रचारसम्बन्धी अनुसन्धान गर्ने संवैधानिक संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सञ्चार निवारणसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय हुने कसुर लाई भ्रष्टाचारको परिभाषा बनाएको छ । कानुनले दण्डित हुने विषय, त्यो पनि सार्वजनिक सेवा प्रवाह गर्ने संस्था र सो सम्बन्धित पदाधिकारीहरू बारे भ्रष्टाचार सम्बन्धी विषयमा अनुसन्धान गर्ने निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्थापित छ ।

भ्रष्टाचार स्थानीय तहमा सबै भन्दा बढी हुने गरेको पछिल्ला घटनाक्रमले देखाएकोछ । त्यसमा पनि स्रोत र साधनको स्वामित्वको प्रश्न आउने ठाउँ र नाफा हुने ठाउँ तथा विषयमा भ्रष्टाचारी सक्रिय रहन्छन् । बर्सेनि सवारी चालक अनुमतिपत्र जारी गर्ने कार्यालयमा सेवाग्राहीबाट अनुचित रकम असुल भएका कारबाहीको सूची सार्वजनिक हुने गर्दछ ।

उद्योग व्यवसाय दर्ता गर्ने ठाउँ, राहदानी जारी गर्ने कार्यालय, आदिमा अनियमितता भएका समाचार प्रकाशमा आउने गर्दछन् । यस्ता आर्थिक अनियमितताका अतिरिक्त कागजपत्र किर्ते गर्ने, बेहोरा ढाँटी अनुचित फाइदा लिनेउपर कारबाही गर्न सतर्कता केन्द्र पनि कार्यरत छ । राजस्व अनुसन्धान विभाग अर्को निकाय हो ।

सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यालयले अवैध रूपले आर्जन गरेको सम्पत्ति हो होइन भन्ने आधारमा छानबिन गरी कारबाही गर्दछ । फौजदारी अपराध अनुसन्धान ब्युरो प्रहरी मातहतको भ्रष्टाचार छानबिन गर्ने निकाय हो ।

विभिन्न निकायहरूबाट अध्ययन भई भ्रष्टाचार भएको यकिन गरी विशेष अदालतमा मुद्दा दायर गरिन्छ । विशेष अदालतबाट गरेको फैसलामा चित्त नबुझेले उच्च अदालत र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्दछन् । सबै कार्यालयबाट चालिएका कदम कानुनसम्मत छैनन् भन्ने लागेमा अदालतको विशेष अधिकार क्षेत्र अन्तर्गत रिट निवेदनहरूमार्फत पनि सुनुवाइ हुने गर्दछ । उक्त ले खिएबमोजिम भ्रष्टाचार सम्बन्धमा छानविन एवम् सुनुवाइ गर्ने व्यवस्था छ तर अहिले ती निकाय पनि बिवादित बनेको देखियो ।

गैरकानुनी काम भएकोले प्रचार खुलमखुल्ला सतहमा कम देखिए तापनि समाजका गतिविधिहरूमा लाभहानि जोडिएका विषयमा अधिकार पाएका व्यक्तिले ओहोदा को दुरूपयोग गर्ने प्रवृत्ति छ । व्यक्ति र सम्पन्न गर्नुपर्ने विषयका आधारमा अधिकारप्राप्त अधिकारी लाई कर्तव्यच्युत गराएका घटना प्रशस्त छन् । हुन त काम लिनपर्ने पक्षले पनि आफ्नो समय बचत हुन्छ, समस्याको दिगो समाधान हुन्छ भने अनौपचारिक ढङ्गले अधिकार प्रयोग गर्ने व्यक्तिलाई खुसी पार्न धेरै प्रकारका पद्धति अवलम्बन गरिन्छ । चाडपर्व आएका बेला उपहार दिएर हुन्छ कि विशेष अवसर, जन्मदिन, विवाहको वर्षगाँठ, अन्य कुनै बहानामा भोजभतेरको उत्सवमा अधिकारीलाई सहभागी गराउने पद्धति पनि भेटिन्छ । नगद वा जिन्सीको प्रयोग प्रचलित पद्धति हो तापनि यदाकदा नेता र उनीहरुका नातेदारहरु भ्रष्टाचारको माध्यम बन्दछ । बिचौलिया एउटा यस्तो वर्ग बनेको छ जसको माध्यमबाट नेपालमा काम बन्न असम्भव केही छैन । कृषिउपज बेचबिखनमा उत्पादकदेखि उपभोक्ताबिचको तर लप्काउने, मुद्दा मामिलामा सम्बन्धित पक्षदेखि निर्णयकर्ताका भरपर्दा सूत्रसम्म, जग्गाधनीदेखि खरिदकर्ताकाबिच काम गर्ने तर कसैको दायरामा आउन नपर्ने व्यवसाय बिचौलियाको भएको छ । हत्तपत्त पत्ता लगाउन कठिन र पत्ता लगाइहाले पनि कानुनको दायरामा ल्याउन नसकिने भ्रष्टाचार का बाहक राजनैतिक नेताहरु बिचौलिया भएका छन् ।

भ्रष्टाचारबाट कुन क्षेत्र मुक्त होला र ? स्कुलका बालबालिकालाई पोषणमा सहयोग पुगोस् भनी युनिसेफले प्रदान गरेको धुलो दुध प्रधानाध्यापकले आफ्नो घर मा पालेको गाईलाई खुवाए । दुर्गम पहाडको सदरमुकाममा जीवनमा देशको सेवामा समर्पित हुने अठोटका साथ एकपटक मात्र होइन, पटकपटक अन्तिम चरणमा पुग्दा अर्को सहभागीले अझै ५० हजार पुर्याउनै बाँकी छ भन्ने अभिव्यक्ति दिँदा आफ्नै शारीरिक र शैक्षिक योग्यतामा विश्वास गरी देशको सेवा गर्ने अठोट लिने युवाले मुलुकको पद्धतिबाट के अपेक्षा गर्ने ? न्याय सम्पादनको क्रममा अभियोजन–अपराध प्रमाणित गर्न प्रमाणको आधारमा मुद्दा दायरको क्रमदेखि फैसला हुँदासम्म मुद्दालाई कमजोर बनाउने कि बलियो भन्ने अवस्था देखि खेल सुरु भएको तथ्य सुन प्रकरण, ललिता निवास र एनसेल बिक्रीलाई हेरे पुग्दैन र ?



# भिमफेदीका सबै श्रमिकहरू सामाजिक सुरक्षा कोषमा

**हेटौंडा**/मकवानपुरको भीमफेदी गाउँपालिकामा अनौपचारिक क्षेत्रका मजदुरहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने भिमफेदी गाउँपालिका देश भरमैं पहिलो पालिका बनेको छ ।

प्रतिनिधीसभाका सभामुख देवराज घिमिरेले पालिकाले सुरु गरेको सामाजिक सुरक्षा योजना कार्यान्वयनको शुभारम्भ गरेसँगै भिमफेदी गाउँ पालिका पहिलो पालिका बनेको हो ।

सभामुख घिमिरेले देशका तीनै तहको सरकार तथा रोजगारदाताले अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समेट्नुपर्नेमा जोड दिएका थिए । गाउँपालिकाले ९८ जना श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै यस खालको अभियानको कार्यान्वयन प्रक्रिया अगाडि बढाएको अध्यक्ष हिदम लामाले बताए । भीमफेदी अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पाहिलो गाउँपालिका बनेपछि अहिले सबैको हेराईको केन्द्र बनेको हो ।

सामाजिक सुरक्षा कोषामा आबद्ध भएका श्रमिकको तर्फबाट तलबको ११ प्रतिशत र त्यसमा स्थानीय तहले ९.३७ प्रतिशत रकम जम्मा गरिने अध्यक्ष मोक्तानको भनाई छ । सामजिक सुरक्षा ऐन २०७४ मा अनौपचारिक क्षेत्रको मजदुरको न्यूनतम तलब १० हजार ८ सय २० हुनुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कोषमा आबद्ध




भएपछि सरकार र श्रमिकको तर्फबाट मासिक २ हजार २ सय ४ रुपैयाँ गाउँपालिकाले कोषमा जम्मा गर्नुपर्नेछ । कोषमा आबद्ध भएका मजदुरले वार्षिक एक लाख बराबरको उपचार खर्च, ७ लाखको दुर्घटना बीमा, सुत्केरी महिला श्रमिकले ९८ दिन बराबरको पारिश्रमिक र शिशु स्याहारको लागि नगद २५ हजार पाउनेछन् भने दुर्घटना भई अशक्त भएको अवस्थामा नियमित पेन्सन पाउने व्यवस्था गरिएको छ ।

अध्यक्ष लामाका अनुसार सामाजिक सुरक्षा कोष कार्यान्वयन गर्न चालू आर्थिक वर्षमा १३ लाख रुपैयाँ बजेट पालिकाले बिनियोजन गरेको थियो । नागरिकको सामाजिक सुरक्षा सम्बन्धी संवैधानिक हकको संरक्षण गर्नु स्थानीय सरकारको पनि दायित्व भएकोले आफूहरुले केपी ओली नेतृत्वको सरकारले थालनी गरेको कार्याक्रमलाई स्थानीय सरकारको तर्फबाट आफ्नो पालिकाले थालनी गरेको लामाले बताए ।

नेकपा एमालेका सचेतक एवम् मकवानपुर क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाले सामाजिक सुरक्षा कोषका कार्यक्रमलाई अन्य पालिकाले पनि कार्यान्वयन गर्दै लैजानु पर्ने बताएका थिए ।

सभामुख घिमिरेको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, सामाजिक सुरक्षा कोषका उपकार्यकारी निर्देशक विवेक पन्थीले भिमफेदी गाउँपालिका अध्यक्ष लामाको खुलेरै प्रशंसा गर्दै नेपालका अन्य पालिकाले पनि पाठ सिक्नुपर्ने बताएका थिए । स्मरणीय छः भिमफेदी गाउँपालिका नेकपा एमालेका तर्फबाट विजयी बनेको पालिका हो ।

# आगलागी पिडितलाई उपाध्यक्षको सहयोग

**हायुटार**/सिन्धुलीको कमलामाई नगरपालिका वडा नम्बर २ खरिन्टारमा आगोले जलेर घर र गोठ पुर्ण रुपमा नष्ट भएको छ ।

स्थायी घर घ्याङ्लेख गाउँपालिका वडा नम्बर १ बुक्ति भई खरिन्टार बस्दै आएका ५२ बर्षीय पदम बहादुर पाखिनको गत शनिबार आगोले जलेर घर र गोठ पुर्ण रुपमा क्षति भएको हो ।

गोठ बाट घरमा सल्किएको आगोले ढुंगा, माटोले बनेको दुईतले घर जल्दा घरभित्र भएको १ लाख भन्दा बढी नगद, गर गहना, भाँडाकुडा, लत्ताकपडा सम्पुर्ण बस्तु जलेर नष्ट हुँदा १० लाखको क्षति भएको पिडितले



बताएकाछन् ।

अग्नि पिडित पाखिनको छोरीको ७ बर्षीय बालकले आगो खेलाउने क्रममा पराल राखिएको गोठमा आगो सल्किएको पिडितका भाई तिर्थ बहादुर पाखिनले बताए ।

यस्तै घ्याङ्लेख गाउँपालिकाको सिमानामा पर्ने खरिन्टार स्थित अग्नि पिडित पदम बहादुर पाखिनको घरमै पुगेर घ्याङ्लेख गाउँपालिकाका उपाध्यक्ष शंकर मान घलानले राहत सामाग्री प्रदान गरेकाछन् ।

उपाध्यक्ष घलान सहित १ नम्बर वडाका वडा अध्यक्ष सोम बहादुर भोलन, २ नम्बरका अध्यक्ष रोशन कुमार भोलन लगायतले घरमै पुगेर अग्नि पिडितको परिवारलाई चामल, चिउरा, नुन तेल लगायत अत्यावश्यक सामाग्री प्रदान गरेको जानकारी दिंदै उपाध्यक्ष घलानले अन्य राहातको लागि पहलसमेत गरिने जानकारी दिए ।


## सार्वजानिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

**बनेपा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काभ्रे, बागमती प्रदेश**


# प्रधानमन्त्रीलाई आफ्नै अर्जुनदृष्टिले गिज्याउँदै

**सिन्धुली**/आफ्नो यसपटकको कार्यकाल जनताको निम्ती काम गर्ने अन्तिम मौका हो । भ्रष्टाचार विरुद्ध निर्मम हुन्छु' भन्दै देशवासीका नाममा सम्बोधन गर्नु भएका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशको आर्थिक विकासमा अग्रगामी छलाङ मार्ने रटान गर्दै आउनुभएको छ । 'कान्तिकारी नेता' प्रचण्ड

नेतृत्वको सरकारले आफ्नो अर्जुन दृष्टिलाई बिर्सदैं लुम्बिनीमा गौतम बुद्धको अस्थिधातु समाधिस्थ गरिएको नवलपरासी रामग्राम क्षेत्रमा उत्खनन एवं बौद्ध स्तूपा निर्माण गर्न बिना प्रतिस्पर्धा आफ्नै घरबेटीको निजी कम्पनीसँग समझदारी गरेपछि चौतर्फी आलोचना शुरु भएको छ ।

सर्वसाधारणको ११६ बिघा जग्गा अधिग्रहण हुने गरी १२० बिघा ९९ वर्षका लागि लिजमा दिने गरी समझदारी गरेपछि प्रधानमन्त्रीकै स्वार्थमा पुरातत्व विभाग, पर्यटन मन्त्रालय र अर्थ मन्त्रालयको लिखित असहमति बीच प्रधानमन्त्रीकै निर्देशनमा कोषका उपाध्यक्ष ल्हारक्याल लामाले प्रक्रिया अघि बढाएको पछि डरलाग्दो तथ्य बाहिर आएको हो ।

समझदारीमा रामग्राममा अस्थिधातु उत्खनन तथा स्तूपा र विभिन्न देशका बौद्ध विहार तथा अन्य भौतिक संरचना निर्माण गर्ने भनिएको छ । त्यसका लागि स्थानीयको करिब ११६ बिघा, कोषको ७५ कट्ठा र पुरातत्व विभागको १० कट्ठा जमिन एकीकृत गरेर निजी कम्पनीलाई लिजमा दिने तयारी भएको हो । स्थानीयको जग्गा अधिग्रहण गर्ने जिम्मेवारी कोषको हुनेछ भने उपभोग मोक्ष फाउन्डेसनले र व्यवस्थापन प्रमिस्ड ल्यान्डले गर्नेछन् । तर, यसका लागि कुनै प्रतिस्पर्धा नगराइएको लुम्बिनी विकास कोषका अधिकारीले बताएकाछन् ।

परियोजनाका लागि पृष्ठभूमिमा केही व्यक्ति पहिलेदेखि सक्रिय भए पनि लगानी र प्रक्रिया पारदर्शी नभएकाले फाइल बढ्न सकेको थिएन । विवादास्पद ल्हारक्याल लामा गएको साउनमा कोषको उपाध्यक्ष भएलगत्तै प्रक्रिया तीव्र पारिएको थियो । करिब ७ अर्ब अनुमानित लागत देखाइएको यो परियोजनाका लागि सिंगापुरमा कार्यालय रहेको भनिएको मोक्ष फाउन्डेसन मुख्य लगानीकर्ता र प्रमिस्ड ल्यान्ड व्यवस्थापक हुने गरी समझदारी गरिएको हो । प्रधानमन्त्री पुष्पकमल दाहालका घरबेटी तथा विवादास्पद निर्माण व्यवसायी शारदाप्रसाद अधिकारीका छोरा निकेश प्रमिस्ड ल्यान्डका सञ्चालक हुन् । दाहाल प्रमुख अतिथिका रूपमा उपस्थित भएर गत मंसिर २६ मा रामग्राममा स्तूपा निर्माण र उत्खनन परियोजनाको शिलान्यास गरेपछि डरलाग्दो सेटिङको बिबरण बाहिर आएको हो ।

घरबेटीको कम्पनिले रामग्राम क्षेत्रको जग्गा विक्रम संवत २१७९ सालसम्म लिजमा चलाउनेछन् । तर, सर्वसाधारणको जग्गा कसरी अधिग्रहण गर्ने र त्यसका पूर्वसर्त के हुने भन्ने विषयमा टुंगो नलाग्दै समझदारी गरिएको पछि रकम चलखेलको आशंका बढेको हो । सार्वजनिक आर्थिक प्रशासन सम्बन्धित कारोबारमा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्नेमा अर्थले असहमति राख्दाराख्दै समझदारी गरिएको हो । सम्पदा उत्खनन एवं भौतिक संरचना बनाउने गरी कुनै समझदारी नगर्न भन्दै पुरातत्व विभागले पनि कोषलाई पत्र पठाएको थियो । यी रायअनुसार पर्यटन मन्त्रालयले पनि प्रक्रिया अघि नबढाउन राय लेखेको थियो । तर, कोषले सबै असहमतिलाई बेवास्ता गर्दै प्रक्रिया अघि बढाएको देखिएको हो ।

वर्गीय समानताका निम्ति राज्य सत्ता परिवर्तन गर्नुपर्ने भन्दै हतियार उठाएका प्रचण्ड हजारौंको बलिदानी कारणसत्ताको नेतृत्वमा पनि पुगे तर, पुँजीपति वर्गको ललिपपमा लोभिएर सम्झौता गर्दा क्रान्तिको उपहास र आफ्नो अर्जुनदृष्टिले नैं गिज्याउन थालेको अवस्था सिर्जना भएको छ ।

# एकै दिन ९८ हजार राजश्व संकलन

**सिन्धुली-** सिन्धुलीमा ट्राफिक कार्वाहीमा एकै दिन ९८ हजार बढि राजश्व संकलन भएको छ । जिल्ला ट्राफिक कार्यालय सिन्धुलीले आइतबार जिल्लाबाट १३६ जनालाई कार्वाही गरे वापत ९८ हजार पाँच सय रुपैंया राजश्व संकलन गरेको हो ।



आइतबार कागजपत्र साथमा नभएका ३० जनालाई कार्वाही गर्दा २० हजार रुपैंया राजश्व संकलन भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । त्यस्तै, मादकपदार्थ सेवन गरि सवारीसाधन चलाउने तीनजनाबाट तीन सय रुपैंया, परमिट नभएका छ जनाबाट ६ हजार रुपैंया, ओभरलोड गरि सामन बोकेका छ वटा गाडीबाट ६ हजार, सिटबेल्ट नलगाएका ३० जना चालकबट एक हजार ८ सय रुपैंया, सवारी चालक अनुमति पत्र नभएका छ जनाबाट ६ हजार रुपैंया, बत्तिको अवस्था ठिक नभएका २० जनाबाट एक हजार रुपैंया, छतमा लगेज बोकेका छ जनाबाट ६ हजार रुपैंया, तिव्रगतिका कारण छ जनाबाट ३ हजार, प्रयोजन विपरित चलाइएको छ वटा सवारीसाधनबाट ६ हजार रुपैया, सिट क्षमता भन्दा बढि यात्रु बोक्ने छ जनाबट छ हजार रुपैंया र ११ जना अन्य कार्वाहीबाट आठ हजार पाच सय रुपैंया राजश्व संकलन भएको प्रहरीले जानकारी दिएको छ ।

# पारिजातको कथा : कुनै गुलाफ ओभानो छैन यहाँ

'इकेबाना' म उसलाई पहिलोपल्ट यसरी सम्बोधन गरेर बोलाउँछु । ऊ मुस्कुराउँदै मेरो कोठाभित्र पस्छे । दुई दिनअघि चिनियाँ माटोको कचौरामा उसैले भरेको फूलतिर देखाउँदै म भन्छु 'इकेबाना अर्थात् यो फूल सजाउने कला जापानी जनजीवनको एउटा विशिष्ट दर्शन रहेछ । यो कलामा डाक्टरेटसम्म लिन पाइने रहेछ । जापानमा मानिसको जीवनलाई एकदम क्षणिक अहिले छ भरे छैनको रूपमा लिइने रहेछ, उनीहरू भाग्यमा बढी विश्वास गर्ने रहेछन् र आकस्मिक मृत्युको त्यति विश्वास गर्दैनन् रे । तिमीलाई थाहा छ, जीवनलाई यसरी लिनुको पछि पनि कारण रहेछ र मलाई अनौठो लाग्यो त्यो कारण भौगोलिक रहेछ ।'

ऊ जिज्ञासा देखाएर मतिर एकाग्र हुन्छे । म भन्दै जान्छु, 'सधैँभरि भुइँचालोको कम्पनमा बाँच्नुपर्ने देशका नागरिकहरू कतिलाई भुइँचालो आएको र गएको पत्तै हुँदैन रे, कति यस्ता प्रकोपमा परेर मरिरहेछन्, रोएर बिलाप गरेर साध्य हुँदैन रे । त्यसैले यो जीवन अति क्षणिक छ भन्ने प्रवृत्तिगत विकासमा इकेबानाको सिर्जना भएको रहेछ । त्यसै पनि त जापानीहरू युद्धमा शत्रुको हातबाट मर्नुभन्दा पहिले हाराकिरी गरेर मर्छन् । इकेबानामा भर्खर मात्र प्रवेश गरेकाले सायद ती अर्थहरू केही पनि तिमीलाई थाहा छैन, थाहा त मलाई पनि छैन, तर त्यो कचौरामा भरेको फूललाई भने मैले आज आफ्नै पाराले अर्थ्याएँ, हुनसक्छ इकेबानाभन्दा यसले भिन्न अर्थ राखोस् ।'

ऊ फेरि कचौरातिर एकाग्र हुन्छे, म भन्दै जान्छु, 'पृष्ठभूमिमा राखिएको स्नो ड्रप्सका ती सुइराजस्ता पातहरूले जीवनमा आउने हरियालीको प्रतीक बोकेको छ र त्यो एकजोडी आधा फक्रेको गुलाफले युगल प्रेमीको अर्थ दिन्छ र ती क्रमशः ओइलाउन लागेका छन्, जसरी गुलाफ सधैँभरि ताजा रहँदैन ओइलाउनैपर्छ, जसरी जीवन पनि ओइलाउँछ । दायाँपट्टि सजाइएको त्यो एउटा स्नो ड्रप्स, जो हिउँजस्तै सेतो रङको छ त्यो प्रेममा हुनुपर्ने एकनिष्ठताको प्रतीक हो र फेदमा सजाइएका बाबरीका ती मसिना हरिया पातहरू बैंसमा आउने अज्ञात खुसियालीको प्रतीक हो र जुन बाबरीको बास्ना जस्तै क्रमशः मध्यम हुँदै जान्छ ।'

ऊ छक्क परेर मेरो अनुहारमा हेर्छे र भन्छे, 'तपाईंले गजबले अर्थ्याउनु भएछ । वास्तवमा त्यति गहिरिएर मैले यसलाई भरेकै होइन, देख्दा सुन्दर लाग्यो, यसै राखिदिएँ ।'

निकै बेर ती कचौरामा अर्थ्याइएका फूलहरूलाई हेरेपछि ओइलाएका गुलाफलाई झिक्तै ऊ भन्छे, 'हो, जीवनमा त कुन्नि किन बैंसको अवधि भने निकै क्षणिक हुन्छ जस्तो लाग्छ मलाई तथापि जीवनलाई भाग्य मान्ने पक्षमा छैन म ।'

त्यसपछि फेरि कुतुतुतु हाँसेर भन्छे, 'हेर्नुस् न कत्रो विरोधाभास भएछ, एक त मलाई यो इकेबानाको असाध्य रुचि भइरहेछ, अर्कातिर डाक्टरले मलाई फूलको झ्याङतिर नजानुस्, तपाईंलाई एलर्जी छ यसको, त्यसो हो भने तपाईंको यो चिलाउने रोग ठीक हुँदैन भनेको छ ।'

'दुःखको कुरो अनि के गर्छौ त तिमी ?,' म सोध्छु ।

'मैले वास्ता गरेकी छैन ।' यसो भन्दै ऊ सानो कैँची झिकेर बाहिरतिर गई र केही क्षणपछि एक अँगालो झारपात, लहरा, काँडा, फूल लिएर फर्की । त्यतिखेर म अर्को भाँडामा सजाइएको सुकेको हाँगालाई लपेट्ने मसिनो पात भएको हरियो लहरालाई अध्ययन गर्दै थिएँ आफ्नै पारामा । यो हरियो लहरा आशाको प्रतीक हो, जीवन जतिसुकै जर्जर र बूढो भए पनि त्यहाँ आशा मरेको हुँदैन, तर यो अर्थ पक्कै पनि इकेबानामा छैन । अचानक ऊ चिच्च्याएर उफ्रिन्छे र झारपातहरू भुइँभरि छरपस्टिन्छन् । म 'के भयो' भनेर उसलाई सोध्छु । एउटा फक्रिसकेको सेतो गुलाफतिर देखाउँदै भन्छे ऊ 'झुसिल्कीरा !' ऊ औँलाहरू झट्कार्न थाल्छे ।

म देख्छु, त्यो गुलाफमा एउटा कालो झुसिल्कीरा मज्जासँगले टाँसिएर बसेको रहेछ, हत्तपत्त नझर्ने गरी । 'ई अब चिलाउन थाल्यो' भन्दै ऊ हातगोडा मुसार्दै कन्याउदै गर्न थाल्छे। एकछिन उसलाई स्वाभाविक हुन दिएपछि म प्रश्न गर्छु, 'यी सेता गुलाफका फूलहरूलाई तिमी के मान्छ्यौ ?'

'संसारभरि नै सेता गुलाफलाई पवित्रताको प्रतीक मान्छन् क्यारे, होइन ? मलाई राम्रो अध्ययन भने छैन है ।' झुसिल्कीरालाई त्यहाँबाट हटाउने साहस ऊ गर्दिन, त्यो कीरा डटेरै गुलाफमा बसिरहन्छ ।

म भन्न थाल्छु, 'तिमी मान या नमान, तर मैले यसलाई अर्कै किसिमले अर्थ्याएकी छु । त्यो सेतो गुलाफ पवित्र मान्छेको शरीरको प्रतीक हो, पवित्र मान्छेको अर्थ हुन्छ श्रम गर्ने मान्छे । त्यसैले त्यो गुलाफ श्रमजीवीको प्रतीक हो । त्यो कालो झुसिल्कीरा पसिना चुस्नेको प्रतीक, अलिअलि दखलले त्यो कीरा झर्दैन । त्यसलाई त्यस गुलाफबाट झार्न साहस चाहिन्छ, जस्तो तिमी त्यसलाई झार्न साहस गरिरहेकी छैनौ र तिम्रो एक्लैको साहसले पुग्दैन पनि ।'

ऊ अलिकति हाँसेर भन्छे, 'हरे ! तपाईं जीवनको प्रत्येक पक्षलाई यसरी नै अर्थ्याउनुहुन्छ । श्रमशोषणभन्दा जीवनमा अरू थोक केही हुँदैन ? के यति रूखो छ जीवन ?'

म पनि हाँसेर भनिदिन्छु, 'जीवन रूखो छैन, रसरंगले भरिएको हुन्छ, भुसिल्कीराहरूको जीवन । धेरै थोक हुन्छ जीवनमा, म यसलाई अस्वीकार गर्दिनँ, तर आधारचाहिँ श्रम र शोषण नै हो ।'

केही बेर ऊ मौन बस्छे र अचानक बोल्छे, 'बेकार टिपिएछ त्यो अर्को गुलाफ पनि, बीचैमा खाइसकेको रहेछ झुसिल्कीराले, छिः ! अघि राम्रोसँग हेरिएन ।'

एकैछिनपछि फेरि ऊ अघिजस्तै चिच्च्याएर बुरुकबुरुक उफ्रन्छे, म छक्क परेर हेरिरहन्छु । आखिर उसका खुट्टामा जुका पनि टाँसिएर रगत चुस्न थालिसकेको रहेछ । डराउँदैडराउँदै ऊ कैँचीको सहाराले जुका झिक्छे ।

दोस्रो सन्त्रासको स्थिति फेरि स्वाभाविक भएपछि म आफ्नै पाराको निष्कर्ष झिक्छु, 'इकेबाना सजिलो रहेनछ, कठिन लाग्यो यसको प्रक्रिया मलाई त, भन्दा मात्र फूल । जापान मुलुकको जनजीवनको दर्शन निहित छ रे इकेबानामा । हाम्रो जीवनदृष्टि पनि निहित हुन खोजिरहेको छ जस्तो लाग्न थालिसकेको छ मलाई यद्यपि भौगौलिक दृष्टिकोणले जिउँदा ज्वालामुखीहरूमाथि बाँचिरहेका जाति होइनौँ हामी ।'

ऊ अब जिल्लिएर मलाई हेर्छे र भन्छे, 'तपाईंको कुरा मलाई अलिक स्पष्ट भएन ।'

'स्पष्टै छ त,' म भावुक भएर बोल्दै जान्छु, 'हाम्रो पनि त आफ्ना मान्छेहरूको जीवन आज छ भोलि छैन । पैसा कमाएर फर्कन्छु भनी लाहुर भासिएको छोरो फेरि घर फर्केर आउँदैन । डलर, पाउन्ड र भारतीय करेन्सीमा बिकेका हाम्रा वीर तन्नेरीहरू, सीमासीमामा जोखिमपूर्ण ठाउँहरूमा तैनाथ छन् । रातदिन मर्नमार्नलाई तयार । उनीहरूको जीवन पनि आज छ भोलि छैन, कति अनिश्चित । भुइँचालोको कम्पन अनुभव नगरेरै हामी कति अनिश्चित ! आजभोलि त नेपाली किशोरीहरू पनि खेत आलीबाट, वनजंगलबाट हराउँछन् र फेरि आउँदैनन्, आज छ भोलि छैन, कति अनिश्चित ! हेर, त्यो इकेबाना यी क्षणिक जीवनको प्रतीक कसरी हाम्रो जीवनदर्शन बन्दै गइरहेको छ ।'

ऊ अँध्यारिएर घोप्टिन्छे र कैँचीले त्यो झुसिल्कीरालाई उप्काउने कोसिस गर्छे । गुलाफबाट झुसिल्कीरा त झर्छ, तर जीवनबाट ? एउटा विकराल प्रश्नचिह्न मेरो अघि उभिदिन्छ । म फूल भर्ने केटीलाई ठिक प्रश्नचिह्नजस्तो देख्न थाल्छु । त्यसपछि उसलाई आफ्नो नजिक बोलाएर झ्यालबाट पारि देखाउँदै भन्न थाल्छु, 'यहाँबाट देखिँदैन नि, उः त्यो डाँडा हेर त हेर, ती ठूलठूला‌हरूका बीचमा थला बसेको त्यो कच्ची इँटको घर सुन्दर अनुहारमा निस्किएको सार्की खटिराजस्तो देखिन्छ हगि ? हो, त्यही घरलाई हिजो रातिको बर्सातले थचारिदिएछ । त्यस घरमा एउटी बूढी आमै बस्छिन्, जसको छोरो केही वर्षअघि नेफामा मारिएको थियो ।

ऊ तर्सेर सोध्छे, 'के भएछ त्यो बूढी आमालाई ?'

'हुन त केही भएनछ, एउटा दलिन यसो छड्के परेर बसिदिएछ र बाँचिन्,' म भन्दै जान्छु, 'बिहान यतातिर रुँदै आएकी थिइन् । भन्थिन् घर पनि आफ्नो होइन रे । क्याच्चै किचिएर मरेको भए बरु छोरा भएठाममा पुग्न पाइन्थ्यो, दुःख पाउनलाई बाँचेकी ।' यस्तैयस्तै । कति अनिश्चित उसको छोराको जीवन, कति अनिश्चित उनको पनि, जीवन अहिले छ, भरे छैन यद्यपि हामी भुइँचालाहरूको कम्पन अनुभव गर्दै प्राकृतिक सन्त्रासलाई पचाएर बाँचेका जाति होइनौँ ।

छरपस्टिएका फूलपातहरूलाई हेरेर ऊ एकाग्र हुन्छे, अँध्यारो देखिन्छे । मेरो भन्ने कुरा बाँकी नै हुन्छ, भन्दै जान्छु, 'पोहोरपरार सालतिर नागाल्यान्डमा मारिने एउटा लाहुरेकी आमाको कथा थाहा छ तिमीलाई ? अझै पनि त उनको एउटा छोरो हङकङमा छ । हङकङवाला छोराले हेर्दैन रे उनलाई । उनी आफ्नो विधवा बुहारीसँग बस्छिन् र आजभोलि उनी एउटा नाति आङमा र एउटा नाति छेउमा राखी रुँदै भाततिहुन पकाउँछिन् रे । बुहारीले जागिर खाएकी छे । कति अनिश्चित जीवन, कति अनिश्चित भविष्य ।'


केही बेर हामी दुवै मौन बस्छौँ, त्यसपछि खस्किएको आवाजमा ऊ भन्छे, 'मनको जस्तै पनि प्रगाढ घाउ समयको हेरफेरले निको तुल्याइदिन सक्छ । तर, एक्लिएर बाँच्नेहरूलाई हामीले दुःख बिसाउने वातावरणसम्म दिन सकेका छैनौँ ।'

कताकता मेरो मन अमिलो हुँदै जान्छ । म एकैचोटि कराउँछु, 'इकेबाना, हाम्रो धर्तीमा फुलेको कुनै गुलाफ चोखो छैन, एकदम छैन । सबैलाई झुसिल्कीराले टोकिरहेको छ । कुनै गुलाफ ओभानो छैन यहाँ । सबैमा असुरक्षित र अनिश्चित बाँच्नेहरूको आँसु टल्किरहेको छ । डलर र पाउन्डमा बिक्री भएर जाने ती हाम्रा तन्नेरीहरू विवश होइनन्, नपुंसक भइरहेका छन् । हामी घरवासीहरू विवश होइनौँ, काँतर भइरहेका छौँ । हामी अपराधी हौँ इकेबाना, अपराधी ! हामीलाई यी असुरक्षितका आँसुहरूले नडुबाउने त कुरै छैन एक दिन । खोइ हामीले भुइँचालोको कम्पन अनुभव गरेको ? फेरि यो अनिश्चितता किन बढ्दै छ ? क्षणभङ्गुरता हाम्रो जनजीवनको प्रतीक हुनै सक्तैन । फेरि यो के भएर गइरहेछ हामीलाई ?'

हामी दुवै एकार्कालाई हेर्छौं । सायद हामी दुवै एकार्कालाई प्रश्नचिह्न देखिरहेका हुन्छौं ।

## साताको कविता

### प्रिय कामरेडसँग



बिन्दु शर्मा

**मेरो प्रिय कामरेड !**
**सदियौँदेखिको**
**हाम्रो सम्बन्धको**
**परिभाषा**
**कहिल्यै खोजिनँ मैले**
**न त युगौँअघि**
**सँगसँगै तय गरेको**
**अनन्त यात्राको**
**अविच्छिन्न दूरी नै नापेँ,**
**आफ्नो पोल्टामा परेका**
**दीनताका चाङहरुलाई**
**पटुकीमा**
**कसक्कै कसेर**
**सभ्यताको सागर**
**तारिदिएको**
**मोल पनि त चुकाउनु परेन**
**तिमीले**
**हाम्रो त्यो सम्बन्धको**
**यो नयाँ शताब्दीमा,**
**म**
**तिमीलाई**
**मेरो स्वाधीनताको**
**जन्जिरमा**
**चाहन्नँ अल्झाइराख्न**
**न त**

**ट्युबमा नानी हुर्काइरहेकी**
**मायालुको मातृत्वलाई**
**अँगाल नै भनुँला**
**म माइती गाउँको**
**गाइने दाइको**
**सारङ्गीजस्तै खोक्रिएको**
**पेटसँग**
**तिम्रो अभिमान**
**साट पनि भन्दिनँ**
**आफ्नै आरनअघि**
**भुत्तिएको खलाँतीलाई**
**नियालिरहेका**
**कामी दाइका**
**आँखाको भोक**
**बुझ पनि भन्दिनँ**
**उदाङ्गिएको तिम्रो उत्ताउलोपनलाई**
**तुनिदिने**
**दमाई दाइको**
**कपाल निस्किएको टोपीमा**
**तिम्रो स्वाभिमान**
**खोज पनि भन्दिनँ**
**सक्छौ भने आऊ**
**झट्केलो छोराले**
**सुसाइतमा पनि झस्काइरहने**
**मुटुमा गाडिदिएको किलोजस्तो**

**विपनीमै ऐँठन पारेर अँठ्याइरहने**
**अस्तितवको तराजुको असन्तुलनलाई**
**आइमाईको आँसुले धोएका**
**तिम्रा नुनिला हातहरुले सन्तुलित**
**बनाऊ,**
**मेरो प्रिय कामरेड !**




# किसान आन्दोलनले फ्रान्सको राजधानी अस्त व्यस्त



**एजेन्सी**/किसान आन्दोलनका कारण पेरिसका मुख्य राजमार्ग अबरुद्ध बनेको छ । फ्रान्सका सयौं किसानहरूले अनुचित मूल्य निर्धारणको विरोध गर्दै आफ्ना ट्र्याक्टरहरू राजधानी पेरिससम्म चलाएका छन् । उनीहरूले युरोपमा कृषि उत्पादनको मूल्य बढाउन कर छुट किसानमाराहरुमाथि कारबाहीको आवाज उठाइरहेका छन् ।

प्रदर्शनको आयोजक फ्रान्सको सबैभन्दा ठूलो किसान युनियन एफएनएसईएका अनुसार मंगलवार बिहान ब्रिट्नी, नर्मन्डी, एक्विटानिया, बरगन्डी र पेस डीओसीबाट झण्डै २ हजार बढी ट्र्याक्टरहरू राजधानी तर्फ गएका थिए । गाडीहरू पूर्वी पेरिसको प्लेसडेला नेसनमा भेला गरिएको थियो । तिनीहरूमध्ये केही ट्र्याक्टरहरु संसदभवन तर्फमा जाने योजना बनाएका थिए ।

एएफपीका अनुसार मुद्रास्फीति र सस्तो आयातबाट प्रतिस्पर्धाको चिन्तालाई लिएर सरकारसँग असन्तुष्ट किसानहरुले मुख्य राजमार्गमा अबरोध गरे पछि दैनिक त्यहाँको जनजीवन कष्टकर बनेको छ । जुन आन्दोलनका कारण फ्रान्सको राजधानी पेरिस वरपरका प्रमुख राजमार्गहरू दैनिक रुपमा प्रभावित बनिरहेको छ ।

केही दिन देखी फ्रान्सेली किसान प्रदर्शनकारीहरूले राम्रो पारिश्रमिक र थोरै वातावरणीय नियमहरूको माग गरिरहेका छन्, जो नहुदाँ तिनीहरूको जीविकोपार्जनलाई नै असर गरिरहेको उनीहरुले जनाउँदै आएका छन् ।

आन्दोलनरत किसानहरूले पेरिसको महत्वपूर्ण सडकका आठ चोक पोइन्टमा अबरुद्ध गरेका थिए । 'हामीलाई जवाफ चाहिन्छ,' दक्षिण पश्चिमी लोट एट गारोनकी आन्दोलनकारी किसान करिन डकले भनिन् । उनी पेरिसतर्फ जाने ट्र्याक्टर हरूको जुलुसमाा सहभागी भएकी थिइन । र, स्थानिय मिडियाबाट सरकारका बिरुद्ध खुलेर असन्तुष्टी जाहेर गरेरहेकी थिइन् ।

'यो खेतीका लागि किसानहरुको अन्तिम लडाई हो । यो बाँच्नका लागि पनि प्रश्न हो,' उनले भनिन् ।

यसैबिच, मुल्य वृद्धिबाट बच्न सावधानी अपनाएको सरकारले कृषि डिजेलमा दिइने अनुदान घटाउने योजना बिस्तारै खारेज गर्दै वातावरणीय नियमलाई सहज बनाउने वाचा गरेको छ । सरकारले यो पनि भनेको छ कि यसले आफ्नो युरोपेली संघका साथीहरूलाई बाँझो खेती जग्गामा नियमहरू सहज बनाउन सहमत हुन दबाब दिनेछ ।


युरोपियन युनियका अनुदानहरू प्राप्त गर्नका लागि कृषकहरूले निश्चित सर्तहरू पूरा गर्नुपर्नेछ, जस्तो कि प्रकृति पुनः प्राप्ति गर्न सक्ने गैर उत्पादक क्षेत्रहरूमा ४ प्रतिशत खेतीयोग्य जमिन छुट्ट्याउनु पर्ने आवश्यकता समेत समावेश गरिएको सञ्चारामध्यमले समाचार लेखेका छन् ।

तर कृषक संगठनहरूले योजनालाई अझ अगाडि बढाउनु पर्ने बताएका छन् । 'यस चरणमा, हामी के चाहन्छौं भने सरकार माथी अझ दबाब बढाउनु हो,' प्रभावशाली किसान युनियनका प्रमुख अर्नाउड रुसोले स्थानिय मिडियासँग भनेका छन् ।

'त्यसैले हामी पेरिसबाट ३० किलो मिटर सम्म पेरिस छिर्ने सबै मुख्य राजमार्गहरू अवरुद्ध गर्नेछौं, हाम्रो उद्देश्य सरकारलाई दबाब दिनु हो ताकि हामी चाँडै संकटबाट बाहिर निस्कने उपाय खोज्न सकौं,' उनले भने ।


अमेरिकी गठबन्धनमा संलग्न भएर रसिया विरुद्धको सैन्य कारबाहीमा सक्रिय भएको फ्रान्सलाई पछिल्लो किसान आन्दोलनले समस्यामा पारिदिएको छ ।


# राष्ट्रपति पदका लागि पुटिनद्वारा उम्मेदवारी दर्ता



**एजेन्सी**/रुसले सोमबार औपचारिक रूपमा भ्लादिमिर पुटिनलाई मार्चमा हुने राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारका रूपमा मान्यता दिएको छ । निर्वाचनमा उनको जित करिब निश्चित छ । यस शताब्दीको सुरु देखि नै रुसको नेतृत्व गर्दै आएका ७१ वर्षीय पुटिनले चार वटा राष्ट्रपतीय निर्वाचन जितेका छन् भने विपक्षीहरू करिब अस्तित्वहीन भएको प्रणालीमा केही समयका लागि प्रधानमन्त्रीका रूपमा काम गरे । केन्द्रीय निर्वाचन आयोगले आफूलाई मनोनयन गर्ने पुटिनका साथै दक्षिणपन्थी तथा पुटिनप्रति बफादार लियोनिद स्लटस्कीलाई निर्वाचनका लागि उम्मेदवारका रूपमा दर्ता गरेको जनाएको छ । निर्वाचन मार्च १५ देखि १७ सम्म अर्थात तीन दिनसम्म हुनेछ । क्रेमलिनका आलोचकहरूका अनुसार निर्वाचनले पारदर्शिताको ग्यारेन्टीलाई अझ कठिन बनाउने बताएका छन् । सन् २०२० मा एउटा विवादास्पद संवैधानिक सुधारपछि पुटिन कम्तीमा सन् २०३६ सम्म सत्तामा कायम रहन सक्नेछन् । अधिकार समूहहरूले विगतका निर्वाचनहरूमा अनियमितता भएको भन्दै स्वतन्त्र पर्यवेक्षक हरूलाई निर्वाचनको अनुगमन गर्न रोक लगाउन सकिने बताएका छन् । पुटिनले कुनै वास्तविक प्रतिस्पर्धाको सामना गर्ने अपेक्षा गरिएको छैन । उदारवादी प्रतिद्वन्द्वी बोरिस नादेजदिनले उम्मेदवार का रूपमा दर्ताका गर्नका लागि हस्ताक्षरको थ्रेसहोल्ड (सीमा) पार गरेका छन् । यद्यपि उनलाई उम्मेदवारका रूपमा अनुमति दिइन्छ वा दिइन्न भन्ने अझै स्पष्ट भएको छैन । साथै क्रेमलिनले उनलाई गम्भीर प्रतिद्वन्द्वी नमानिएको बताएको छ ।

# अमेरिकामा बन्यो बाबा रामदेवको मैन मूर्ति





**एजेन्सी**/अमेरिकाको न्यूयोर्कस्थित मदाम तुसाद संग्राहलयमा भारतीय योगगुरु बाबा रामदेवको मैनको मूर्ति राखिएको छ । वृक्षासनमा रहेको उक्त मूर्ति हालै अनावरण गरिएको छ ।

संग्राहलयमा रामदेवको मूर्ति राखिनुलाई उनीप्रति मात्रै नभएर योग र आयुर्वेदप्रति सम्मानका रुपमा हेरिएको दिल्लीमा एक कार्यक्रममा रामदेवले भनेका थिए । संग्राहलयमा बलिउड हलिउडका सेलिब्रेटी विश्व चर्चित राजनीतिज्ञको मूर्तिको बिचमा अब योगगुरुको मूर्ति पनि देख्न पाइनेछ । दिल्लीमा आयोजित एक कार्यक्रममा रामदेवले मूर्तिको प्रतिमूर्तिको निधारमा टिका लगाएका थिए । विश्वका २०० चर्चित व्यक्तित्वहरुको माझमा आफूलाई संग्राहलयले सम्मान दिएकोमा उनले कृतज्ञता व्यक्त गरेका थिए । आफ्नो मैनको मूर्ति बनाउन रामदेवले सन् २०१८ मा लन्डनस्थित मडाम तुसाद संग्राहलयको एक टोलीलाई आफ्ना केही फोटो र नाप दिएका थिए । संग्राहलयमा राखिएको मैन मूर्तिका कयौं तस्बिर उनले आफ्नो ट्विटर एकाउन्टमा शेयर पनि गरेका थिए । आफ्नो मैनको मूर्ति बनाउने कुरा सुनेर शुरुमा रामदेव हिच्किचाएका थिए । न्यूयोर्कको मदाम तुसादमा महात्मा गान्धी, प्रियंका कार्की, रणबीर सिंह, वरुण धवन, करिना कपुर, सलमान खान र कट्रिना कैफ लगायत भारतीय हस्तिहरूको मूर्ति छ ।


सुमन फर्मा
कमलामाई -६, हस्पिटलरोड, सिन्धुली
सम्पर्क नं. ०४७-५२०२३०/९८४४०४०२३०
सबै प्रकारको औषधी पाइनुका साथै डाक्टरको पुर्जा अनुसार औषधी उपलब्ध गराइन्छ ।



सार्वजनिक हितको लागि जारी सुचना

- एक्कासी उच्च ज्वरो आउने, मांसपेशी, टाउको तथा जोर्नी दुख्ने थकान महशुस हुने वा वान्ता हुने लक्षण देखिएमा डेङ्गी रोग संक्रमण हुन सक्छ त्यसैले डेङ्गी रोगबाट बच्ने एक मात्र उपाय भनेको झुल भित्र सुत्नु हो ।
- पर्ती, बाँझो र खाली रहेका निजी जग्गामा भौगोलिक हावापानी सुहाउँदो उपयुक्त प्रजातीका रुख, डालेघाँस तथा जडिबुटी जन्य प्रजातीका रुख विरुवा रोपौं र त्यसै खेर गइरहेको जग्गाको सदुपयोग गरौं, उत्पादन बढाऔं ।
- स्थानीय तहका भौतिक पूर्वाधारहरु सार्वजनिक सम्पति हुन् सबै भौतिक पुर्वाधारको रेखदेख गर्नु सबै नागरिकहरुको कर्तव्य हो ।
- सार्वजनिक जमिन अतिक्रमण नगरौं । सरकारले निर्धारण गरेको सडक, पुलको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण नगरौं ।
- शिक्षानैं विकासको पुर्वाधार भएकाले गुणस्तरीय शिक्षाको विकासमा सबैले उहयोग गरौं ।
- जन्म, बिबाह, मृत्य, बसाई सराई जस्ता घटनाहरु आफ्नो वडा कार्यालयहरुमा नियम पुर्वक दर्ता गराई सचेत नागरिक बनौं ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभग्राहीहरुले हरेक वर्ष आफ्नो फोटो सहितको व्यक्तिगत विवरण आफ्नो वडा कार्यालयमा दर्ता गराऔं

कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

दर्ता नं.: १८००३८/०७४/०७५ तपाईको यात्रा शुभ अनि सफल रहोस्..... शुभकामना
चाहना यातायात प्रा.लि.
हाम्रो देशको विद्युत हामीले सदुपयोग गरौं, विद्युतीय गाडीमा आरामदायी यात्रा गरौं ।
सिन्धुली काउण्टर 9854041239 9801718220
काठमाण्डौ चावहिल ९८०१६६८०४५
चालक ९८५४०४५५३२ ९८५४०४५५३६
थप जानाकरी ९८५४०४०५३३(टंक) ९८५४०४५५४१(उद्धव)
काठमाण्डौ काउण्टर 9854045531





काठमाण्डौ-खुर्कोट-सिन्धुली-बर्दिबास अग्रिम बुकिङ्ग र रिजर्भको व्यवस्था ।

ताजा तथा गुणस्तरिय फलफुलका लागि संझनुहोस् ।
सिन्धुली बजारमा अर्गानिक किवी, जुनार, सुन्तला, भुईंकटहर लगायतका अन्य फलफुल सुपथ मुल्यमा पाइने एकमात्र पसल ।



सानुभाई फलफुल पसल फोन९८४४२५२३८५

;fj{hflgs lxtsf]nflu hf/L ;'rgf

- चालु आर्थिक वर्षमा बनेका सडकको निगरानी बढाऔं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडक पेटी किनारामा जथाभावी सवारी साधन
- पार्किङ नगरौं ।
- सडक पेटी किनारामा जथाभावी निर्माण सामग्री नराखौं ।
- सडक पेटीमा जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- सवै सवारी साधन चालक महानुभावहरुले लेन अनुशासन कायम गरौं ।
- सवारी चालक महानुभावहरुले सडक पेटीमा
- बटुवाको ध्यानलाई मध्यनजर गरी सडक लेनअनुसार सवारी साधन चलाऔं ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
प्रादेशिक सडक डिभिजन, सिन्धुली

# भारत रंग महोत्सवमा छानियो नाटक 'क्लेशाः'



३ औं भारत रंग महोत्सवमा नाटक 'क्लेशाः' छनोट भएको छ। विश्वको प्रतिष्ठित नाट्य महोत्सव मध्ये एक भारत रंग महोत्सवमा यसपटक नेपालको एक मात्र नाटक छनोटमा परेको हो ।

विजया कार्कीको परिकल्पना तथा निर्देशन रहेको नाटक 'क्लेशाः' महोत्समा आउँदो फ्रेब्रुअरी १७ र १९ मा मञ्चन हुँदैछ। यो नाटक भारत रंग महोत्सवमा सन् २०२२ को लागि छानिएको थियो। तर कोभिडका कारण त्यस समय महोत्सव हुन सकेन । यसपटक महोत्सवले पुनः आमन्त्रण गरेको हो ।

यसपटक छानिएका ६२ वटा नाटकमा एक मात्र अन्तर्राष्टिय नाटक रूसबाट रहेको छ। त्यसका अलवा २०२२ मा छानिएका केही नाटकलाई आमन्त्रण गर्दा नेपाली नाटक 'क्लेशाः' समावेश भएको हो। महोत्सव अन्तर्गत नेपाली नाटक 'क्लेशाः' को नयाँ दिल्ली र रामनगरमा गरी दुई मञ्चन हुनेछ । फेब्रुअरी १ देखि २६ सम्म हुने महोत्सवमा यसवर्ष भारतको ५९ वटा नाटक, रुसको एक नाटक र २ लोकनाटक छनोट भएको आधिकारिक वेवसाइटमा जनाएको छ।

भारत रंग महोत्सवमा छनोट भएसँगै नेपालमा यस नाटक विशेष मञ्चन गरिदैछ। यही माघको २९ गते साँझ ५ बजे र फागुन १ गते दिउँसो १२ र साँझ ५ बजे नाटक 'क्लेशाः' को मण्डला थिएटरमा विशेष मञ्चन हुनेछ । २०७६ सालमा २४ मञ्चन भएको यस नाटकको नेपालमा यसपटक विशेष तीन मञ्चन हुनेछ । करमन कला समूहको प्रस्तुति रहेको नाटकमा सरिता गिरी, सुरक्षा पन्त, कुशल पाण्डे, सुदीप खतिवडा, विजय बराल, विकास जोशी, रोसनी कार्की, स्वप्निल घिमिरे, सन्दिप श्रेष्ठ, संयोग गुरागाईं, मिलन कार्की, सुजन खतिवडा, सविना थापा, रुजा राउतलगायत कलाकारको अभिनय छ। अभिनेत्री सुरक्षा पन्तले नाटक 'क्लेशाः' बाट थिएटर डेब्यू गरेकी थिइन्।

प्रतीक्षा कट्टेल लिखित नाटक 'क्लेशाः' को मुख्य स्रोत रामायण हो । नाटकले ऋषि वाल्मिकीको कहानीलाई विशुद्ध समसामयिक रूपमा प्रस्तुत गर्ने प्रयास गरेको छ । नाटकको महोत्सव टिममा निर्देशक कार्कीसँगै विभिन्न प्राविधिक भूमिकासहित रिजन परियार, उमेश तामाङ, अनुप न्यौपाने, रुपक खरेल र केदार श्रेष्ठ छन् ।

# फिल्म 'चित्रा' अष्ट्रेलियामा माघ २६ देखि प्रदर्शन हुँदै




स्वदेशमा प्रदर्शनपछि फिल्म 'चित्रा' अब नेपाली डायस्पोराको ठूलो बजार अष्ट्रेलियामा रिलिज हुने भएको छ । अष्ट्रेलियाली हलमा रिलिज हुँदै फिल्मले अन्तर्राष्ट्रिय प्रदर्शनको सुरुवात गर्दैछ ।

यो फिल्मका निर्माता तथा अभिनेता सन्तोष अधिकारी लामो समयदेखि अष्ट्रेलियामा बसोबास गर्दै आएका छन् । यस कारणले पनि अष्ट्रेलियाको प्रदर्शनमा उनलाई सजिलो हुने देखिन्छ । प्रदर्शनको चाँजो मिलाउन उनी त्यहाँ पुगिसकेका छन् ।'चित्रा'को प्रदर्शन माघ २६ गते (फेब्रुअरी ९)मा तास्मानियाबाट सुरु हुनेछ । उक्त अवसरमा रेडकार्पेट शोको पनि आयोजना गरिएको छ । पछिल्लो समय अष्ट्रेलियामा नेपालीको संख्या वृद्धि भएसँगै फिल्म र सांस्कृतिक कार्यक्रम पनि आयोजना हुन थालेका छन् ।

तास्मानियापछि अष्ट्रेलियाली सहर सिड्नी, मेलबर्न, ब्रिसबेन, एडिलेट, क्यानबेरा, पर्थ र डार्विनमा पनि फिल्मको प्रदर्शन हुने जनाइएको छ । पारिवारिक र सम्बन्धको कथावस्तुमा आधारित यो फिल्म नेपालमा रिलिज भइसकेको छ । फिल्ममा अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, प्रकाश घिमिरेजस्ता सशक्त कलाकारको अभिनय छ । यो फिल्मबाट निर्माता समेत रहेका अधिकारीले रजतपटमा डेब्यु गरेका छन् । फिल्मलाई घनश्याम लामिछानेले निर्देशन गरेका हुन् । 'चित्रा'का निर्माता आशिष थापा मगर हुन् भने अधिकारी कार्यकारी निर्मातामा छन् । फिल्मको एसो सिएट निर्मातामा राज श्रेष्ठ छन् । अजय अधिकारीको कथा र मनिष गौतमको पटकथा रहेको फिल्ममा राजनराज सिवाकोटीको संगीत छ ।

# 'कृष ४' को तयारीमा ऋतिक रोशन



बलिउड अभिनेता ऋतिक रोशनले नयाँ फिल्मको तयारी सुरू गरेका छन् । उनले 'कृष ४' फिल्ममा काम गर्ने भएका छन्। यो फिल्मको सुटिङ यसैवर्ष सुरू हुनेछ।

भारतीय सञ्चारमाध्यम पिंक भिलालाई अन्तरवार्ता दिँदै उनले फिल्मको बारेमा कुराकानी गरेका थिए । यो फिल्मको यतिबेला स्क्रिप्ट लेखन कार्य भइरहेको छ । अन्य पार्टभन्दा यो पार्टमा फिल्मको कथा सजिलो नभएको उनले बताए । यो फिल्मको पहिलो पार्ट 'कोई मिल गया'मा भएको जादू कथालाई दर्शकले मन पराएका थिए।

यतिबेला ऋतिक रोशनको फिल्म 'फाइटर' प्रदर्शन भइरहेको छ ।



















सन्देश जनप्रियका लागि दिया भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पवन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, वेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली